# खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) भैपरी योजना

## WASH Contingency Plan

२०८२

**दिपायल सिलगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सिलगढी ,डोटी**

## प्राक्कथन

दिपायल सिलगढी नगपालिकामा सञ्चालित, निर्माणाधीन र प्रस्तावित खानेपानी, सरसफाइ तथा स्वच्छताका आयोजना, कार्यक्रम र सेवा तथा संरचनाहरू कुनै पनि बेला प्राकृतिक प्रकोपका कारण प्रभावित हुन सक्ने अवस्था आउन सक्छ । खानेपानी र सरसफाइ मानिसको अपिरहार्य आवश्यकता भएकाले विपद् तथा प्रकोपको अवस्थामा शीघ्र भन्दा शीघ्र प्रभावित सेवा तथा संरचनाको सञ्चालन गरिनु अति आवश्यक पर्न जान्छ । त्यस्ता सेवा तथा संरचना सञ्चालन विपद् पूर्वको अवस्थामा जस्तो तुरुन्त सुचारु गर्न सम्भव नहुन पनि सक्छ । यस्तो अवस्थामा आकस्मिक रूपमा संभव र अत्यन्त जरुरी सेवा प्रवाहका लागि योजनाबद्ध रूपमा आवश्यक व्यवस्था र अत्यन्त जरुरी सामग्रीको भण्डारण, दक्ष मानव स्रोत तथा वित्तिय स्रोतको पूर्व तयारीको योजना नै 'भैपरी योजना (Contingency Plan)' हो ।

नगरपालिका स्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छताका आयोजना, कार्यक्रम र सेवा तथा संरचनाहरू प्रकृतिक वा मानवीय विपद्, महामारी तथा प्रकोपका कारण क्षतिग्रस्त भएमा सेवा सुचारु के कसरी कायम गर्ने हो र त्यसको तयारी कसरी गर्ने हो भन्ने कुराको पूर्व योजनाका रूपमा यो भैपरी योजना (Contingency plan) को प्रारूप तयार गरिएको छ । नगरपालिकामा तयार गरिएको खासस्व योजना (WASH Plan) को पूरक अंशको रूपमा यो नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) भैपरी योजना (WASH Contingency Plan) रहन्छ । राष्ट्रिय स्तरमा परिकल्पना गरिएको दिगो विकास लक्षको स्थानीयकरणका रूपमा तयार हुने खासस्व योजना (WASH Plan) कार्यान्वयनका लागि यो खासस्व भैपरी योजना (WASH Contingency Plan) ले प्रत्येक दिपायल सिलगढी नगरपालिकालाई सहजीकरण गर्नेछ भन्ने उद्देश्य सहित यो खाका तयार गरिएको हो । विपद् र आकस्मिक अवस्थामा नगरपालिका अन्तर्गत रहने खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सेवा सुचारु रूपले प्रवाह गर्न र सुविधा तथा संरचनाको न्यूनतम सुरक्षा कार्यान्वयनका लागि यसले मार्गनिर्देश गर्नेछ । यो खासस्व भैपरी योजना (WASH Contingency Plan) विशेषगरी स्थानीय सरकार र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरूका लागि मार्गदर्शन हो । प्रस्तुत योजना खाका खासस्व क्षेत्रमा कार्यरत निकाय वा संस्थाहरू, आयोजना तहमा विपद् जोखिम न्यूनीकरणको विषय समेटेर कार्य गरिरहेका विकास साझेदारहरू, स्थानीय तथा प्रादेशिक स्तरका खासस्व क्षेत्रका नीति र योजना निर्माणकर्ताहरू, खासस्व योजना सहजकर्ताका साथै अन्य सरोकारवालाले समेत उपयोग गर्न सक्नेछन् ।

दिपायल सिलगढी नगरपालिकाको स्रोत साधन र क्षमताका आधारमा विपद् र आकस्मिकताको प्रकृतिका आधारमा ,भौगोलिक अवस्थिति, हावापानी र भौगर्भिक बनावटका आधारमा हुने प्राकृतिक प्रकोप, महामारी तथा विपद्को जोखिम रोकथाम र विपद् पश्चातका उद्धार तथा खासस्व क्षेत्रको आकस्मिक सेवा सुचारु गर्न साथै पालिकाको विपद् जोखिमको विशेषता तथा आकस्मिक अवस्थामा उपलब्ध हुन सक्ने संभाव्य स्रोत र साधनलाई दृष्टिगत गरी सेवा सञ्चालन, उद्धार, पूर्व तयारी र प्रतिकार्य योजनाको रूपमा यो योजना लागु गरिने छ ।

यो  योजना एक जीवन्त दस्तावेज हो । आवश्यकता र विकास प्रक्रियासँगै असल अभ्यासहरूलाई आधार मानेर यसमा नियमित रूपमा पुनरावलोकन र परिमार्जन गर्न सकिनेछ ।

नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) भैपरी योजना (WASH Contingency Plan) ले निम्नलिखित विषयमा उत्थानशीलता (Resilience) अभिवृद्धि गर्नेछ भन्ने विश्वास लिइएको छ ।

- महामारी (Pandemic), विपद् र आपतकालीन अवस्थामा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सेवा सुचारु गर्न र क्षति भएको अवस्थामा छिटोभन्दा छिटो सेवा संरचनाहरू पुनरुत्थान गर्न ।
- महामारी (Pandemic), विपद् र आपतकालीन अवस्थामा दूषित खानेपानी र खराब सरसफाइ तथा स्वच्छता सेवाको कारणबाट हुनसक्ने जनधनको क्षति रोक्न वा न्यून गर्न ।
- विपद्पछि खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सेवामा निरन्तरता दिनसक्ने वातावरण तयार गर्न ।
- पालिका स्तरमा पालिकासँगको सहकार्य र समन्वयमा खासस्व सेवा प्रदान गर्ने सेवा प्रदायक, उपभोक्ता समिति र सरोकारवाला संघ संस्था वा निकायहरूलाई आपतकालीन अवस्थामा सेवा सुचारु सहजीकरण गर्न ।

यस भैपरी  योजनामा खानेपानी र सरसफाइसम्बन्धी विविध पक्षहरू समावेश गरिएका छन्। अन्त्यमा, यो योजना निर्माणका क्रममा सूचना संकलन, प्रशोधन र NWASH Dashboard मा डाटा प्रविष्टिमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने WaSGISP परियोजना , वडाका ६० वर्ष माथिका जेस्ठ नागरिकहरु , नगर कार्यपालिका , वडा प्रतिनिधीहरु , डाटा संकलक, सामाजिक परिचालक, प्राविधिक, र परामर्शदाता सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौ ।

## धन्यवाद ज्ञापन

खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सेवा र सुविधाहरूको दिगो व्यवस्थापनका लागि दिपायल सिलगढी नगरपालिकाले नेपाल सरकारको प्रचलित कानुन, नेपालको संविधान, र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकारको उपयोग गर्दै समग्र खानेपानी, सरसफाई र स्वच्छता (WASH) को बिपत / भैपरी योजना ( wash Contingency plan ) तयार गरेको छ। यो योजनाले नगरपालिकाभित्र रहेका सबै खानेपानी योजनाहरू, विद्यालयहरू, स्वास्थ्य संस्थाहरू, सार्वजनिक शौचालयहरू, तथा ८,३८५ घरधुरीहरूको खानेपानी, सरसफाई र स्वच्छतालाइ बिपतमा कसरी संचालन गर्ने मार्गदर्शन गर्ने छ । हरेक वडामा हुनुभएका कम्तीमा बिगत २० बर्षको बिपत संग जानकार ६० बर्ष माथीका जेष्ठ नागरिकहरु तथा वडा प्राप्त तथ्याङ्क विश्लेषण यो योजना तयार पारिएको हो।

यस योजना दिपायल सिलगढी नगरपालिकाको दीर्घकालीन सम्पत्ति हुने विश्वास लिइएको छ। साथै, यसले भविष्यमा खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रलाइ बिभिन्न खालको बिपतमा पनि संचालन र व्यवस्थापनमा स्पष्ट मार्गदर्शन गर्नेछ।

यस योजनाको तयारीमा सहकार्य गर्ने WaSGISP र निष्ठाका साथ तथ्याङ्क संकलनमा सहयोग गर्नुहुने जेष्ठ नागरिकहरु , वडा प्रतिनिधीहरु, परामर्शदाताहरू प्रति नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद प्रकट गर्दछु।

प्रत्येक घरधुरीमा व्यक्तिगत धारा र सुरक्षित, जीवाणुरहित खानेपानी सुनिश्चित गर्नु र फोहोरको उचित व्यवस्थापन गर्नु पालिकाको प्रमुख प्राथमिकता हो।यस योजनाको सफल कार्यान्वयनका लागि सरोकारवाला निकायहरू, संघ-संस्था तथा समुदायसँग सहकार्य र समन्वय गरिने विश्वास व्यक्त गर्दछु । अन्त्यमा, यस योजनालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न सबै पक्षको सक्रिय सहभागिता र समर्थनको लागी हार्दिक अनुरोध गर्दछु।

धन्यवाद

बाजि सि खड्का

नगर प्रमुख

## दुई शब्द

खानेपानी क्षेत्रको दिगो र योजनाबद्ध विकासलाई अघि बढाउनका लागि दिपायल सिलगढी नगरपालिकाले दीर्घकालीन सेवा र सुविधाको सुनिश्चितता गर्न खानेपानी, सरसफाइ तथा स्वच्छता भैपरी योजना (WASH Contingency plan ) तयार गर्न पाएकोमा हामी अत्यन्त हर्षित छौँ। यो कार्य सम्पन्न गर्न खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना ( WaSGISP),परामर्शदाताहरु र नगरपालिकाको खानेपानी तथा सरसफाइ शाखाको सहयोगमा सम्पन्न भएकोमा हामी सबै सहयोगी निकायप्रति आभार प्रकट गर्न चाहन्छौँ।

यद्यपि, हाल नगरपालिकाको स्रोत र साधनको सीमितताका कारण योजनाको कार्यान्वयन चुनौतीपूर्ण रहेको छ। त्यसैले, यो क्षेत्रमा क्रियाशील सरकारी तथा गैरसरकारी संस्थाहरूसँग समन्वय र सहकार्य आवश्यक छ। यस्ता योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्पष्ट ऐन, कार्यविधि र नीति-नियमहरूको आवश्यकता पर्दछ। साथै, नगरपालिकामा छुट्टै खानेपानी, सरसफाइ तथा स्वच्छता शाखा स्थापना हुनु अनिवार्य छ। यसै सन्दर्भमा, शारदा नगरपालिकाले भौतिक पूर्वाधार अन्तर्गत सरसफाइ शाखा स्थापना गरिसकेको उदाहरण प्रशंसनीय छ।नेपाल सरकारको राष्ट्रिय लक्ष्य र दिगो विकास लक्ष्य (SDG) अनुरूप सबै घरधुरीमा सुरक्षित र पहुँचयुक्त खानेपानी पुर्‍याउने उद्देश्यका साथ "एक घर एक धारा" नीति कार्यान्वयन गरिएको छ। नगरपालिकाले सरसफाइ र स्वच्छतालाई प्रतिष्ठासँग जोड्दै सम्पूर्ण नगरलाई पूर्ण सरसफाइयुक्त नमुना नगरपालिका बनाउने लक्ष्य लिएको छ।यो वास भैपरी योजना नगरवासीहरूले वर्षौंदेखि भोग्दै आएको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी समस्याहरूको साथै विपतको बेला समेत सुचारुहुने दीर्घकालीन समाधानतर्फको मार्गदर्शन बन्ने विश्वास लिइएको छ। यस योजनाको प्रभावकारी कार्यान्वयनले दिपायल सिलगढी नगरपालिकालाई WASH क्षेत्रमा अग्रणी नगरका रूपमा स्थापित गर्ने अपेक्षा गरिएको छ।

धन्यवाद।

कलावती महरा साउद

नगर

उप–प्रमुख

## प्रकाशकीय

राज्य पुनर्संरचनापछि स्थापित दिपायल सिलगढी नगरपालिकाको समग्र खानेपानी, सरसफाई तथा स्वच्छता लाइ विपतको बेला समेत सुचारु हुने गरी खासस्व भैपरी योजना (WASH contingency plan ) तयार गर्न पाउँदा हामी गर्वित र हर्षित छौँ। यस योजनाले नगरपालिकाको वर्तमान अवस्थाको यथार्थ चित्र प्रस्तुत गर्दै भविष्यका नीति, कार्यक्रम र स्रोत व्यवस्थापनलाई प्राथमिकता दिन सहयोग गर्ने विश्वास लिएका छौँ।

सिमित समय र स्रोतसाधनका बाबजुद, यो अध्ययनले सबै वडाको खानेपानी तथा सरसफाई अवस्थालविपतको बेला चुस्त दुरुस्त राख्न यो योजनाले समेट्ने प्रयास गरेको छ। यद्यपि, यसलाई समय सापेक्ष परिष्कृत गर्दै लैजानु हाम्रो साझा जिम्मेवारी हो भन्ने अनुभूति गरेका छौँ।

यस योजनाको समयमै तयारी र सफलताका लागि योगदान पुर्याउने खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना तथा तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण ६० बर्ष माथिका जेष्ट नागरिक तथा वडा प्रतिनिधी एबम नगरवासीप्रति आभार प्रकट गर्दछौँ।

अन्तमा, यो योजना दिपायल सिलगढी नगरपालिकाको दीर्घकालीन खानेपानी, सरसफाई तथा स्वच्छता विकासको मार्गदर्शन बन्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

शंकर सुचिकार

प्रमुख प्रशासकीय अधिकृत

## Table of Contents


खासस्व भैपरी योजना ........ 1
१.१ परिभाषा ........ 1
१.२ औचित्य ........ 1
१.३ भैपरी आउने योजनाको विषयवस्तु ........ 1
१.४ खासस्व योजनाको खाका ........ 2
१.५ दिपायल सिलगढी नगरपालिका स्तरीय खासस्व योजना ........ 3
२. दिपायल सिलगढी नगरपालिकाको परिचय ........ 4
२.१ .भौगोलिक अवस्थीति र बनौट ........ 4
२ .२. भू-उपयोग तथा वातावरण ........ 5
२. ३ .प्रशासनिक एकाइ ........ 5
२ . ४ जनसंख्या र जनसाङ्ख्यिक विशेषताहरू ........ 6
२.४.१. जातजाति र अन्य जनसाङ्ख्यिक विवरण ........ 6
२ .५. जनसङ्ख्याको गतिशिलता र बसाइ सराइको स्थिति ........ 7
२ .६. भौतिक पूर्वाधारको अवस्था ........ 7
२ .७. आर्थिक अवस्था, गतिविधि र पेशा ........ 8
३. दिपायल सिलगढी नगरपालिकाको विपद्को ऐतिहासिक घटनाक्रम ........ 9
३.१ विपद्को ऐतिहासिक घटनाक्रम ........ 9
३.२ प्रकोप पात्रो ........ 17
३.३ नगरपालिकाभित्र भएको क्षतीको विवरण ........ 18
३.४. दिपायल सिलगढी नगरपालिकाको वडागत उच्च जोखिम नक्सांकन (Risk Profile by Ward – Key Hazards) ........ 20
४.बिपत प्रतिकार्य योजना ........ 25
४.१ नगरपालिकाको खासस्व अवस्था ........ 25
४.२ विपद् पछिको खासस्व अनुमानित परिदृश्य ........ 26
४.३ प्रतिकार्यको प्राथमिकता ........ 26
४.४ जोखिमको नक्शांकन ........ 28

४.५ आकस्मिक कोषको व्यवस्था....28
४.६ नगरपालिका खासस्व पूर्व-तयारी क्रियाकलापहरू....29
४.७ विपद प्रतिकार्य कार्य सञ्चालन विधि (Standard Operating Procedure - SOP).33
४.८ आपतकालीन प्रतिकार्य (कार्यविधि) योजना....34
४.९ खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला....35
४.१० आपूर्ति व्यवस्थापन....35
४.११ विपद् प्रतिकार्यका लागि दक्ष जनशक्ति....38
४.१२ अन्य निकायहरूसँगको समन्वय र सहकार्य....38
४.१३ क्षमता विकास रणनीति र योजना....38
४.१४ खासस्व सरोकारवाला र विकास साझेदार संघ संस्थाहरूको अभिलेख....39
४.१५ आकस्मिक रूपमा खरिद गर्नुपर्ने अवस्थाका लागि बिक्रेताको सूची....41
४.१६ खासस्व पालिका स्तरीय आकस्मिक मानवीय सहयोगका मापदण्ड....42

## १.खासस्व भैपरी योजना

### १.१ परिभाषा

सम्भावित आपतकालीन अवस्थाको विश्लेषण गरी त्यस्तो अवस्थामा प्रभावकारी र दक्षताका साथ प्रतिकार्य गर्नका लागि कार्य विभाजन सहित पहिले नै तयार गरिएको योजना भैपरी आउने योजना हो । यसलाई आकस्मिक योजना पनि भन्ने गरिन्छ । यो योजना स्थानीय सरकार, सामुदायिक संघ संस्था, विद्यालय जस्ता कुनै पनि तहमा तयार गर्न सकिन्छ । यहाँ प्रस्तुत भैपरी आउने योजना नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा संभावित आपतकालीन अवस्थाको विश्लेषण गरी त्यस्तो अवस्थामा प्रभावकारी र दक्षताका साथ प्रतिकार्य गर्नका लागि कार्य विभाजन सहित पहिले नै तयार गर्ने योजना हो ।

### १.२ औचित्य

नागरपालिका क्षेत्रभित्र खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सम्पूर्ण सेवा, सुविधा, संस्था र संरचनाहरूको सुचारु सञ्चालन, समन्वय, अनुगमन र नियमन गर्ने आधिकारिक निकाय सम्बन्धित पालिकाहरू नै हुन् । सेवा प्रवाह र आयोजना सञ्चालन तथा व्यवस्थापन गरिरहेका संघ, संस्था वा उपभोक्ता समितिहरूले आफूले प्रदान गर्दै आएको सेवा सुविधालाई निरन्तर राखी प्रदान भइरहेको सेवाप्रति सेवाग्राही अथवा सम्बन्धित उपभोक्ताहरूलाई विश्वस्त तुल्याइ राख्नु अत्यन्त आवश्यक पर्छ । वर्तमानमा प्रवाह भइरहेको सेवा सुविधा भविष्यमा आकस्मिक रूपमा पर्न सक्ने प्राकृतिक प्रकोप र दैवी विपत्तिका कारण अवरुद्ध हुन सम्भावना भइ नै रहन्छ । त्यस्तो किसिमको असामान्य परिस्थितिमा खानेपानी, सरसफाइ तथा स्वच्छता जस्तो अत्यावश्यक सेवा सुविधाको विश्वसनीयता सम्बन्धित सेवाग्राही, उपभोक्ता वा गाउँ या नगरवासीहरूमा जगाइराख्नु जरुरी हुन्छ ।

भविष्यमा पर्न सक्ने आकस्मिक भवितब्य वा विपदको अवस्थाप्रति सेवाग्राही वा स्थानीय वासिन्दा विश्वस्त हुन सके मात्र उपलब्ध सेवा सुविधा प्रति सकारात्मक भई उनीहरू सेवाको कर तथा शुल्क तिर्न सदैव सहमत भइरहन्छन् । खानेपानी, सरसफाइ तथा स्वच्छता जस्तो अत्यावश्यक सेवा सुविधालाई निरन्तरता दिन समय, परिस्थिति तथा अवस्था अनुसार आकस्मिक रूपमा आउन सक्ने विपद् वा महामारीमा सेवा सञ्चालन, सुचारु र प्रतिकार्यका लागि पूर्व तयारी स्वरूप सम्बन्धित पालिकाले कार्यविधि बनाइ भैपरी आउने अवस्थाका लागि योजना बनाइ राख्नु पर्दछ र लागू गर्नु पर्दछ । भैपरी आउने कार्यका लागि पूर्व तयारी स्वरूप पालिका खासस्व शाखाले योजनाबद्ध रूपमा प्रत्येक क्रियाकलापहरूको पहिचान, आबश्यक सामग्रीहरूको खरिद, भण्डारण तथा सुरक्षण, आकस्मिक रूपमा गरिनुपर्ने ती सामग्रीहरूको परिचालन साथै प्रतिकार्यका लागि जिम्मेवार निकाय र व्यक्तिहरूको लिपिबद्ध दस्तावेज (Document) नै नगरपालिका स्तरीय खासस्व भैपरी योजना (WASH Contingency Plan) हो ।

### १.३ भैपरी आउने योजनाको विषयवस्तु

क. भैपरी आउने अवस्था एवं प्राकृतिक प्रकोप वा महामारीको अवस्थामा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा अवरुद्ध भएमा तत्काल सेवा सुचारु तथा प्रतिकार्यका लागि योजना, जिम्मेवार संस्था, निकाय या व्यक्तिहरूको किटान;

ख. नगरपालिका क्षेत्रभित्रका सबै वडा समेट्ने गरी विभिन्न समूह; खानेपानी तथा सरसफाइ उपभोक्ता समिति पदाधिकारी तथा सदस्य, युवा, विद्यार्थी, शिक्षक, पेशागत समूह आदि मध्येबाट इच्छुक र उपयुक्त व्यक्ति छनौट गरी खासस्व आपतकालीन सेवा सञ्चालन, मर्मत संभार, खासस्व गतिविधि, विपद्को प्रकार र त्यसबाट हुनसक्ने क्षति एवं आपतकालमा अपनाउनु पर्ने सुरक्षा सावधानीहरू बारे तालिम;

ग. अत्यावश्यक परिस्थितिमा पालिकामा उपलब्ध दक्ष जनशक्तिका साथै जनशक्ति व्यवस्थापन कार्ययोजना अन्तर्गत तालिमप्राप्त व्यक्तिहरूलाई आकस्मिक रूपमा परिचालन व्यवस्था;

घ. आकस्मिक र आपतकालीन अवस्थामा तुरुन्त प्रतिकार्य सहित सेवा सुचारु, उद्धार र मर्मतका लागि खासस्व क्षेत्रमा आवश्यक पर्ने सामग्री; प्राथमिक उपचार सामग्री, औषधि, पानी प्रशोधन उपकरण, मेशिन औजार, पाइप, निर्माण तथा मर्मत संभार सामग्री, फिटिङ्स, पाल, सवारी साधन आदिको जगेडा, भण्डारण, प्रबन्ध, पूर्व तयारी र व्यवस्थापन;

ङ. अन्य संस्था र सरोकारवालासँग समन्वयः जिल्ला, प्रदेश र संघीय सरकार लगायत सुरक्षा निकाय, सामाजिक संघ संस्था, विकास साझेदार संस्था, शैक्षिक र स्वास्थ्य संस्था लगायतका प्राकृतिक प्रकोप तथा आपतकालीन अवस्थामा सहयोगी भूमिका निर्वाह गर्ने संस्थाहरूलाई खासस्व सेवा सञ्चालन प्रक्रिया र संरचनाको अवस्था आदिबारे समय समयमा जानकारी गराउने संयन्त्र व्यवस्था;

च. खासस्व सेवा प्रदान गरेबापत उपभोक्ता संस्था/समिति वा सेवा प्रदायक अन्य निकायहरूले उठाउने गरेको महशुल र अन्य स्रोतहरूबाट प्राप्त हुने रकम मध्येबाट नगर स्तरीय एउटा छुट्टै 'खासस्व आकस्मिक कोष' स्थापना गर्ने र सो कोष आपतकालीन अवस्थामा मात्र उपयोग गर्ने निति र संयन्त्रको व्यवस्था; छ. अत्यन्त जरुरी,

छ. आपतकालीन र विपद् र महामारीको अवस्थामा स्थानीय वासिन्दाहरूले तुरुन्त सम्पर्क गर्न सक्ने र उद्धरको आग्रह गर्न सक्ने नगर, जिल्ला र प्रदेश स्तरीय जिम्मेवार व्यक्ति, निकाय र संघ संस्थाहरूको स्पष्ट सम्पर्क ठेगाना, सम्पर्क टेलिफोन नम्बर र आवश्यक सूचनाको भरपर्दो व्यवस्था;

## १.४ खासस्व योजनाको खाका

प्राकृतिक प्रकोप र अन्य संभाव्य विपदहरूको अवस्था एकैनासको रहँदैन , त्यसैले विपदको पूर्वतयारी र प्रतिकार्यका लागि बनाइने भैपरी आउने योजना पनि यस दिपायल सिलगढी नगरपालिकाको विशिष्ट प्रकृति अनुसार नौ वटै वडामा २० वर्ष सम्म भएको विपतको जानकार ब्यक्तिहरुसँग  वडागत छलफल गरी प्राप्त बिपत तथ्यांकहरूको आधारमा नगरपालिकाको लागी विशिष्ट "दिपायल सिलगढी नगरपालिका स्तरीय 'खानेपानी, सरसफाइ तथा स्वच्छता भैपरी योजना (WASH Contingency Plan)' बनाईको हो  । बिपत  प्रतिकार्यका लागि गरिने पूर्वतारीका प्रक्रिया र सामग्री व्यवस्थापन, भण्डारण, जनशक्तिको व्यवस्था र वित्तिय कोषको

परिचालन आदि अवस्थाको अवस्था यो योजनामा राखिएको छ । नगरपालिका अन्तर्गत खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रलाइ मात्र समेट्ने गरी यो भैपरी योजना (WASH Contingency Plan)' को तयारी गरिएको छ ।

## १.५ दिपायल सिलगढी नगरपालिका स्तरीय खासस्व योजना

नेपाल वहु-प्राकृतिक विपद जोख. मग्रस्त मुलुकमा पर्दछ । विश्वकै वहुपक्षीय जोखिम ग्रस्त मुलुकको सूचीमा नेपाल २०औँ नम्बरमा सूचीकृत छ । हामी जलवायु परिवर्तनबाट उत्पन्न जोखिमका हिसाबले विश्वको चौथो, भूकम्पीय जोखिमका हिसाबले विश्वको एघारौं र बाढीको जोखिमका हिसाबले तीसौँ नम्बरमा पर्दछौँ । अन्य प्रमुख प्राकृतिक तथा मानवजन्य प्रकोपहरूमा बाढी पहिरो, आगलागी, खडेरी, महामारी, आँधीहुरी, असिना, चट्याङ, हिमपहिरो र हिमताल फुटेर आउने बाढी (GLOF Glacial Lake Outburst Flood) हुन् (गृह मन्त्रालय, २०६१)।

नेपाल तराई, पहाड र हिमाल गरी सामान्यतया तीन प्रमुख भौगोलिक क्षेत्रमा वर्गीकरण गरिने गरिन्छ । भौगोलिक क्षेत्रका आधारमा पहाडी र हिमाली भूभाग बढी भिरालो र भूक्षय का कारण पहिरो तथा जमिन खस्ने जोखिममा सदैव रहिरहेको हुन्छ । मनसुनको बेलामा त्यस्तो जोखिम झन बढ्न गई पहिरो तथा पहिरोजन्य विपदका कारण ती भूभागमा वर्षेनी धेरै जनाको ज्यान जाने गर्दछन् र धेरै जना घइते हुन्छन् । त्यसैगरी तराइको समथर भूभाग बाढीको उच्च जोखिममा रहेको छ । तराइमा वर्षेनी आउने बाढीका कारण थुप्रैले ज्यान गुमाउँछन् भने बाढीले बगाएर ल्याउने ढुङ्गा गिटी तथा बालुवा थुप्रेर नदीको सतह उच्च हुन जान्छ ।

यस्तो विपद्जन्य प्रकोपका सन्दर्भमा विपद् प्रभावितहरूको जीउज्यान जोगाउनका लागि प्रमुख रूपमा सर्वप्रथम खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) प्रतिकार्य नै सबैभन्दा जरुरी हुन आउँछ । सुचारु खासस्व सेवाको सुनिश्चितता र विस्थापित तथा प्रभावितहरूको तत्काल जीवन रक्षाको व्यवस्था प्रत्येक स्थानीय तहहरूको जिम्मेवारीमा पर्दछ । यस्तो अवस्थामा क्षतिग्रस्त खानेपानीका मुहानहरूको तत्काल पुनर्स्थापना वा मर्मत सहित सरसफाइ सेवा सुचारु गरी विपद् पश्चातको अवधिमा पानीजन्य रोगहरूको उत्पति तथा फैलावट हुन नदिन तत्काल प्रतिकार्यका लागि स्थानीय तहका खासस्व निकायहरूको प्रमुख भूमिका रहन्छ ।

यसै सन्दर्भलाई ध्यानमा राखी बाढी पहिरो, भूकम्प आदि जस्ता प्राकृतिक विपद वा आगलागी, महामारी जस्ता प्राकृतिक र मानवजन्य विपद्को अवस्थामा पूर्वतयारी र प्रतिकार्यको निम्ति सहजीकरण हुने गरी स्थानीय तह र स्थानीय तह अन्तर्गतका खासस्व समन्वय समिति तथा खासस्व शाखा लगायत सरोकारवालाहरूका लागि यो विपद् प्रतिकार्य पालिका स्तरीय खासस्व भैपरी योजना (WASH Contingency Plan) तयार गरिएको छ । यो भैपरी योजना प्रदेश, जिल्ला र पालिका स्तरमा वर्षेनी भइरहने प्रकोप तथा राष्ट्रिय स्तरका भूकम्प, बाढी पहिरो, भूक्षय जस्ता विपद्मा खासस्व क्षेत्रको प्रतिकार्यका विगतमा प्राप्त अनुभव का आधारमा तयार गरिएको हो । यो योजनाको कार्यान्वयन तत्काल शुरु गरिनेछ ।

## २. दिपायल सिलगढी नगरपालिकाको परिचय


### २.१ .भौगोलिक अवस्थीति र बनौट

दिपायल सिलगढी नगरपालिका सुदूरपश्चिम प्रदेश, डोटी जिल्लामा अवस्थित छ । सन् २०२५ को जनगणना सर्वेक्षण अनुसार दिपायल सिलगढी नगरपालिकामा कुल घरधुरी ६१११ तथा पुरुष १५४६९ र महिला १८४९९ गरि कुल जनसंख्या ३६९०६ रहेको छ । यस नगरपालिकाको क्षेत्रफल १२६.५२ बर्ग कि.मी रहेको छ ।

तालिका १ : वडागत रूपमा घरधुरी र जनसङ्ख्या

| क्र. सं. | परामिति | विवरण |
|---|---|---|
| १ | नगरपालिकाको नाम | दिपायल सिलगढी नगरपालिका |
| २ | कोड सङ्ख्या | ७०६०५ |
| ३ | स्थान/ठेगाना | डोटी, सुदूरपश्चिम प्रदेश |
| ४ | नगरपालिकाको जम्मा जनसङ्ख्या | ३३९६८ |
| ५ | नगरपालिकामा जम्मा घरधुरी | ८३८५ |
| ६ | नगरपालिकामा पाइप सञ्जालको खानेपानी सुविधाबाट लाभान्वित जनसङ्ख्या | ३००९६ |
| ७ | नगरपालिकामा पाइप सञ्जालको खानेपानी सुविधाबाट लाभान्वित घरधुरी | ५१८६ |
| ८ | खानेपानी सुविधाको पहुँच (जनसङ्ख्या %) | ८१.५५ |
| ९ | खानेपानी सुविधा पहुँचको घरधुरी (घरधुरी %) | ८४.८६ |
| १० | चर्पीको पहुँच पुगेको घरधुरी | २८३१० |
| ११ | सरसफाइ सुविधाको पहुँच (घरधुरी %) | १०० |
| १२ | २०२०-२०३० को लागि जम्मा वास लागत | २३७५३९४६४२ |

## २ .२. भू-उपयोग तथा वातावरण




दिपायल सिलगढी नगरपालिकाको ६,६६९.९४ हेक्टर भू-भाग आवादी तथा बस्ती , ४७२५.१३ हेक्टर भू-भाग वन क्षेत्र, ४९३.०७ हेक्टर भू-भाग नदि ,खोला ,खोल्सी ले ओगटेको छ । यस नगरपालिकामा माटोको बनवट, खेतियोग्य जमीन, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा नगरवासीहरुको आर्थिक हैसियत बृद्दी गर्न र वातावरणमा प्रतिकूल असर पर्न नदिन के कस्ता उत्पादन प्रणाली तथा नीतिहरु अवलम्वन गर्न सकिन्छ भन्ने विषयमा विस्तृत अध्यन गरी योजना निर्माण पश्चात कार्यान्वयन गर्नुपर्ने देखिन्छ। यस नगरपालिका औसत तापक्रम ३२ ° सिन्टिग्रेड र औसत वार्षिक वर्षा १३.४७ मिलि लिटर लिटर हुने गरेको छ ।

## २. ३ .प्रशासनिक एकाइ

यस नगरपालिकामा हाल ९ वटा वडा कायम रहेका छन् । हालको वडामा समावेस साविकका गाविस तथा वडाहरुको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १ -२ : **नगरपालिका**को वडा विभाजन

| वडा नं. | नगरपालिकामा समावेश गरिएका पुराना गाविसहरु | पुराना वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | दिपायल सिलगढी नगरपालिका | ११,१२ | |
| २ | दिपायल सिलगढी नगरपालिका | १० | |
| | खातिवडा गा.बि.स | ४-६ | |
| ३ | दिपायल सिलगढी नगरपालिका | ८,९ | |

| | | | |
|---|---|---|---|
| ४ | दिपायल सिलगढी नगरपालिका | ७ | |
| ५ | दिपायल सिलगढी नगरपालिका | ४,६ | |
| ६ | दिपायल सिलगढी नगरपालिका | १-३ | |
| ७ | दिपायल सिलगढी नगरपालिका | १३,१४ | |
| | लडागडा गा.बि.स | ३ | |
| ८ | लडागडा गा.बि.स | १,२,४-९ | |
| ९ | कलेना गा.बि.स | १-९ | |
| | बगलेक गा.बि.स | ८,९ | |

## २ . ४ जनसंख्या र जनसाङ्ख्यिक विशेषताहरू

### २.४.१. जातजाति र अन्य जनसाङ्ख्यिक विवरण

दिपायल सिलगढी नगरपालिकामा ८३८५ बस्तीहरू रहेका छन् । धेरैजसो वडाका बस्तीहरू छरिएर रहेका छन् । वडा नं.४ दिपायल ,५ र ६ , सिलगढीमा का बस्तीहरूमा बाक्लो (बजार) रहेका छन् ।

सन् २०२१ को जनगणना अनुसार दिपायल सिलगढी नगरपालिकाको जनसङ्ख्या ३३,९६८ छ । नगरपालिकामा महिला र पुरुषको जनसङ्ख्या प्रतिशत क्रमश ५४%, ४६ % रहेको छ । वडा अनुसारको जनसङ्ख्या वितरण तल तालिकामा दिइएको छ ।

उमेरगत हिसावले दिपायल सिलगढी नगरपालिकामा चार वर्ष मुनिको जनसङ्ख्या ३६७६ , ५ -१९ वर्ष उमेरको जनसङ्ख्या १२२९६ , १९ -५९ वर्ष उमेको जनसङ्ख्या १८८२३ र ६० वर्षभन्दा माथि उमेरको जनसङ्ख्या २९७३ रहेको छ । बिबाह नगरेको महिला ३७.८%, बिधवा १०.५ % , डिभोर्स महिला ०.०५% , छुट्टिएर बसेको महिला ०.२% रहेको देखिन्छ । तलको तालिकामा वडागत रूपमा घरधुरी, महिला तथा पुरुष जनसङ्ख्या दिइएको छ ।

तालिका १ . ३ : वडागत रूपमा घरधुरी र जनसङ्ख्या

| वडा नं | २०११ सर्वेक्षण अनुसार | | | | | २०२१ सर्वेक्षण अनुसार | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | जनसङ्ख्या | | | औसत घरधुरी | घरधुरी | जनसङ्ख्या | | | औसत घरधुरी |
| | | पुरुष | महिला | जम्मा | | | पुरुष | महिला | जम्मा | |
| १ | ९०३ | १५२३ | २४५१ | ३९७४ | ४.४ | ८९१ | १५५८ | २२७८ | ३८३६ | ४.३१ |
| २ | ७६६ | १४८० | १९८८ | ३४६८ | ४.५३ | ८४५ | १६५० | २०६७ | ३७१७ | ४.४ |
| ३ | ६९० | १४५० | १८७४ | ३३२४ | ४.८२ | ८२४ | १४५७ | १९९८ | ३४५५ | ४.१९ |
| ४ | ११९८ | २३६८ | २०३८ | ४४०६ | ३.९४ | १४१६ | २६५८ | २१३८ | ४७९६ | ३.३९ |
| ५ | ८३४ | १५९५ | २०६२ | ३६५७ | ४.३८ | ९३७ | १६२८ | २११७ | ३७४५ | ४ |
| ६ | ९४० | १८९१ | १६०८ | ३४९९ | ३.७२ | ९३५ | १७१७ | १५२४ | ३२४१ | ३.४७ |
| ७ | ६९९ | १३२६ | १८७१ | ३१९७ | ४.५७ | ८५४ | १४४३ | २०६४ | ३५०७ | ४.११ |
| ८ | ७९९ | १७१४ | २१४५ | ३८५९ | ४.८३ | ९०३ | १६४४ | २१७० | ३८१४ | ४.२२ |
| ९ | ६९८ | १६६० | १८९७ | ३५५७ | ५.१ | ७८० | १७१४ | २१४३ | ३८५७ | ४.९४ |
| जम्मा | ७४४७ | १५००७ | १७९३४ | ३२९४१ | ४.४२ | ८३८५ | १५४६९ | १८४९९ | ३३९६८ | ४.०५ |

माथि तालिकामा प्रस्तुत भएअनुसारको वडागत जनसङ्ख्या वितरणलाई आधार मान्दा हाल नगरपालिकाको कुल जनसंख्या ३३९६८ पुगेको देखिन्छ ।

## २ .५. जनसङ्ख्याको गतिशिलता र बसाइ सराइको स्थिति

दिपायल सिलगढी  नगरपालिकाभित्र हालसम्म कुल ४०६०  जन्मदर्ता भएको देखिन्छ। बसाइ सराइको सन्दर्भमा हाल सम्म  ९३७० जना बसाईसराई गरी आएको पाईन्छ । जनगणना २०७८ अनुसार नगरपालिकाको जनसंख्या बृद्दि दर घटेको देखिन्छ ।

## २ .६.  भौतिक पूर्वाधारको अवस्था

यस नगरपालिका क्षेत्र  भौतिक पूर्वाधारको अवस्थाको आधारमा समृद्ध देखिन्छ । नगरपालिका क्षेत्र भित्र पक्कि सडक ५० कि.मि. रहेको छ ।  २०७८ मा गरिएको सर्वेक्षण अनुसार नगरपालिकामा विद्ध्युतको पहुँचको हकमा उर्जाको रुपमा जलविद्ध्युत प्रयोग गर्ने घरपरिवार ७८९० अर्थात ९४.१  प्रतिशत रहेको देखिन्छ ।

यस नगरपालिका क्षेत्रमा रहेका सरकारीतर्फका शैक्षिक संस्थाहरु  ४३ वटा र १५ नीजि शैक्षिक संस्थाहरु रहेका छन् । स्वास्थ संस्थाहरुको हकमा नगरपालिका क्षेत्र भित्र १८ अस्पताल, स्वास्थ केन्द्र,  निजि नर्सिङ होम रहेका छन् ।

## २ .७. आर्थिक अवस्था, गतिविधि र पेशा

दिपायल सिलगढी नगरपालिकाभित्रका सिलगढी , दिपायल, पिपल्ला, राजापुर बजारहरु आँफैमा डोटी जिल्लाको प्रमुख व्यापारिक केन्द्रहरु हुन् । कृषी,पशु एवम् कच्चा पदार्थको सुलभ उपलव्धता, नगरपालिकाको सवैजसो वडा तथा बस्तीहरुमा सडक, बिजुली, पानी लगायतका आधारभूत पूर्वाधारको विकास तथा उद्ध्योग स्थापनाका लागि पर्याप्त समथार जमीन यस नगरपालिकामा रहेको हुँदा नगरपालिकामा कृषी,पशु, बन लगायतका उद्ध्योगका साथै शैक्षिक पर्यटन, घरबास (Home-Stay) तथा साहसिक पर्यटन समेतको विकासको प्रचुर सम्भावना रहेको छ ।

खाद्ध्यान्न, दलहन, तेलहन, सिट्रस (अमिलो जातका फलफूल) को उत्पादन, गाई, भैँसी, भेडा, बाख्रा जस्ता पशुजन्य उत्पादन, बेसीका उर्वरशिल भूमी र सिंचित क्षेत्रको विस्तार, वैदेशिक रोजगारी र विप्रेषण, बैंक तथा वित्तिय क्षेत्र र सहकारीको विस्तार, मन्दीर क्षेत्रको विकास र विस्तारले पर्यटन क्षेत्रमा थप टेवा पुग्न गइ आर्थिक उपार्जनमा सहयोग पुग्ने देखिन्छ । साथै बस्तीबस्तीमा स्थानिय बजारको विस्तारबाट यहाँका बासिन्दाहरुको आर्थिक गतिविधि बढिरहेको देखिन्छ ।

यस नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका वित्तिय तथा सहकारी संस्थाहरुको पनि भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाहरुले स्थानिय स्तरको वचतलाइ नगरपालिका वाहिर जानबाट रोकी स्थानिय क्षेत्रमा विभिन्न आयमूलक कार्यमा लगानी गरिरहेको छ । यस नगरपालिकामा १० लघुवित्त तथा ऋण सहकारी संस्था र वाणिज्य बैंकहरुले आर्थिक तथा बैंकिङ गतिविधिहरु संचालन गरि रहेका छन् ।

विसं २०७५ को घरधुरी सर्वेक्षण मुताविकको दिपायल सिलगढी नगरपालिकामा रहेका जम्मा ३३९६८ घरधुरी मध्य ५८% घरधुरी कृषि/पशुपालन, ९% घरधुरी व्यापार व्यवसाय , ९ % घरधुरी सरकारी नोकरी ,१०% गैर सरकारी नोकरी , १०% घरधुरी भारतमा वैदेशिक रोजगारीमा र ५% अन्य रहेका छन् । (श्रोत: नगरपालिकाको प्रोफाइल)

## २.८.शैक्षिक अवस्था

दिपायल सिलगढी नगरपालिका अन्तर्गत कुल ५८ वटा सामुदायिक तथा तथा निजि विद्यालयहरु संचालनमा छन् । त्यसमध्ये २१ वटा अलग्गै बाल विकास केन्द्र, १९ वटा आधारभूत तहको विद्यालय, १६ वटा माध्यमिक तहको विध्यालय र १ कलेज स्तरका शैक्षिक संस्थाहरु छन् । सवै शैक्षिक संस्थाहरुमा गरि कुल १६५१७ बिध्यार्थीहरु अध्ययनरत छन् ।

### ३. दिपायल सिलगढी नगरपालिकाको विपद्को ऐतिहासिक घटनाक्रम

यस खण्डमा दिपायल सिलगढी नगरपालिकामा बिगत २० बर्ष देखि घटेका बिपत घटनाहरुलाइ वडामा उपस्थित ६० बर्ष माथिको जेष्ठ नागरिकहरु र वडा जनप्रतिनिधीहरुबाट प्राप्त तथा प्रमाणित बिबरण हरुलाई वडागत रुपमा देखाइएको छ ।

### ३.१ विपद्को ऐतिहासिक घटनाक्रम

| साल | प्रकोप | स्थान | क्षतिको विवरण |
|---|---|---|---|
| २०५८ | लकडे खोलामा बाढी | वडा न १ , सासम | खोलमता झुसे र राम को मृत्यु |
| २०५२ | हावाहुरी | वडा न १ | नरेन्द्र साउदको भाइको मृत्यु, भक्त कामी घाइते , मगलेक मा.बिको टिनको छाना उडाएको कालिका आधारभुत विद्यालयको पत्थरको छाना उडाएको |
| २०६१ | महामारी | वडा न १ | झाडाबान्ता (हैजा)ले सयौ संक्रमण , बालबालिका सहित १५ जनाको मृत्यु । |
| २०७८ | कोरोना महामारी | वडा न १,घटाली गाउँ,तिखा ,सालताडा | घटाली गाउँको एकैघरका हरिलाल र सीताराम जैसी को मृत्यु ,सालताडाको धने नायक , र तिखाको लोके भूल को मृत्यु ।( जम्मा ४ जनाको मृत्यु ) |
| २०६२ | बाढी | वडा न १ | गोद्रे खोलामा बाढी आइ ५०० रोपनी आवादी खेत बगाएको , २ हल गोरु,बाख्रा ,भैसी बगाएको ।त्यसैगरी देउल्याम खोलामा बाढी आइ ३/४ रोपनी खेत बगाएको । |
| २०७२ | भूकम्प | वडा न १ | घरहरु चर्केको । |
| २०७४ | पहिरो | वडा १ , तिखा | मगलेक माविको बिद्यालय परिसर भासिएको । |
| २०७६ | जंगली जनावरको आक्रमण | वडा नं १ | बदेलको आक्रमणबाट घाट भुल गम्भीर घाइते । |
| २०७९ | खडेरी सुख्खा | वडा नं १ | आकाशबाट पानी नपरेर जमिन पुरै सुख्खा भइ अन्न भित्र्याउन नपाएको । |
| २०७९ | भूकम्प | वडा न १ | मगलेक माबिको भवन काम नलाग्ने गरी चर्किएको । |

| | | | |
|---|---|---|---|
| नियमित | बाढी | वडा न २ | गोप्रे खोलाको बाढीले दिपायल सानेपानीको मुहान प्रायः बगाई रहन्छ । |
| २०६२ | बाढी | वडा नं २ | हली खोलामा बाढी आइ लाल ब. माझीको गाइ गोरु बगाएको र मेघनाथ नेगी २५ रोपनी जग्गा बगाएको । |
| २०८० | बाढी | वडा न २ | हली खोलाले खानेपानीको पाइप बगाएको । |
| नियमित | पैरो | वडा नं २ | द्वारे खोलाको नहर काला पत्थरको नियमित पैरोको कारण असर |
| नियमित | बाढी /डुवान | वडा न २ | बासुधारा ,महादेवस्थान,दिपेश्वर स्कुल मा सेतीको पानीले डुवान हुन्छ । |
| २०८० | बाढी | वडा नं २ | खानेपानीको पाइप बगाएको । |
| २०७९ | भूकम्प | वडा न २ | खुल्लेकमा परि बहादुर राउत , हरि कठायत लगायतको घर भत्केर अन्नपात पुरेको । |
| २०८० | आगलागी | वडा न २ | काला पत्थर जंगलमा २०८० चैत्र महिनामा ठुलो आगलागी भएको र जंगली जनावरहरु बस्ती पसेको । |
| २०६२ | जंगली जनावरको आक्रमण | वडा नं २ | घरमा सुतिरहेको बेला बाघले देव सुनारको छोरीलाई लागेको । घरपालुवा जनावरहरु बाघको आक्रमणको सिकार भइरहन्छन । |
| २०५२ | खडेरी / सुख्खा | वडा न २ | २०५२ सालमा ठुलो खडेरी गइ धान भित्र्याउन नपाएको । धानको पराल डडेर गाइबस्तुले समेत नखाएको । |
| २०५० | महामारी | वडा नं २ | गाउँका केही मानिसहरु झाडाबान्ताको संक्रमण । |
| २०६५ | हावाहुरी | वडा नं २ | असिनापानीको कारण धान भित्र्याउन नपाएको । |
| २०७८ | चट्यांग | वडा न २ | ठुलो चट्यांग परी आप बगैचाको रिठ्ठाको रुख च्यातिएको । |
| २०७९ | भूकम्प | वडा ३ | घरहरु चर्केको कुनै क्षती नभएको । |
| २०५७ | बाढी | वडा न ३ | सेती नदी र गोद्रे खोला बाढी आइ करीव २०० रोपनी जग्गा बगाएको ।प्राय गोद्रे खोलाले जमिन कटान गरिरहन्छ । |

| | | | |
|---|---|---|---|
| २०८१ | आगलागी | वडा न ३ | लाल बहादुर साउदको घरमा बिद्युत सर्ट भएर आगलागी भएको ।अन्दाजी ४ लाख जती क्षती भएको । |
| २०६४ | जंगली जनावरको आक्रमण | वडा न ३ | बदेलको आक्रमणमा परी गौरी साउद घाइते । |
| २०८१ | जंगली जनावरको आक्रमण | वडा नं ३ | बदेलको आक्रमणमा परी हर्क खड्का घाइते । |
| २०८१ | सुख्खा / खडेरी | वडा न ३ | प्रायजसो हिउदमा कम पानी पर्ने र २०८१ सालमा अन्न बाली भित्र्याउन नपाएको । |
| २०५१ | असिना पानी | वडा न ३ | असिनापानीले दिपायलमा धान बाली नस्ट । |
| २०५० | डुवान | वडा न ४ | घट्टे खोलामा ह्युम पाइपले बनाएको तालमा नुहाउने क्रममा धिरेन्द्र शाहको डुबेर मृत्यु । |
| २०७९ | भूकम्प | वडा नं ४ | घरहरु चर्केको, मोहन कठायत , बासुकी देवी बिक लगायतको को घर पूर्ण रुपमा क्षति । |
| २०५२ | बाढी | वडा नं ४ | दाउरा खोज्ने क्रममा पिपल्लामा सेती नदीको बाढीले कैलाश कामीलाई बगाएको र श्रीमानलाई बगाएपछी उनको श्रीमती आफै नदीमा फाल हालेको । |
| २०६७ | पहिरो | वडा न ४ | कुमालिकोटको पहिरोमा परी भागीरथिको आमाको मृत्यु तथा शारदाको आमा घाइते । |
| २०७० | आगलागी | वडा नं ४ | राजपुर बजार बजारमा बिजुली सर्ट भएर आगलागी हुदा लाल कठायत , बिर ब. माझि ,हिरा कठायत ,बिर्खे राज जोशी, राम नेपाली, जयराज भण्डारी लगायतको पसल जलेर नस्ट भएको । |
| २०७४ | पहिरो | वडा न ४ | राजपुर सुनगडामा पहिरोमा परी गणेश धामी र र उत्तम धामीको घर जोखिममा परेको । |
| २०७५ | आगलागी | वडा न ४ | पिपल्ला बजारमा बिजुलीको तार सर्ट भइ लोकेन्द्र शाहीको घर जलेर नस्ट भएको । |
| २०७६ | आगलागी | वडा नं ४ | पिपल्ला बजारको पेट्रोल पम्पमा आगलागी भएर भण्डारी थरको एकजना घाइते भएको र |

| | | | |
|---|---|---|---|
| | | | कोरोनाको समयमा मृत्यु भएको ।सोही आगलागीले मोटरसाइकल सो रुम , कल्पना सोपको सुनचादी पसल , मंजु खड्काको पसल(होटल) जलेर नस्ट भएको । |
| २०७८ | आगलागी | वडा नं ४ | पिपल्ला बजारमा बिजुली सर्ट भइ आगलागी भएको र गणेश कठायतको पसल नस्ट भएको । |
| २०८० | आगलागी | वडा नं ४ | ग्यास पड्केर जानकी खड्काको होटल नस्ट भएको । |
| २०८० | पहिरो | वडा न ४ | गौरी शंकर कठायतको पसल भत्केको , सामानमा क्षती भएको, पल्लो कुमालिकोटको गंगादेवी र गंगाराम कठायतको धान सहित ६ रोपनी खेत पुरेको, पिपल्लाको कलावती खड्काको घरको पछाडी पैरोले असर गरेको, उपल्लो कुमालीकोटको रणे ब. कठायतको घरको आगन र शौचालय पहिरोले बगाएको,पिपल्ला (गैरा)को बिरमान कामीको आँगन बगाएको ,पल्लो कुमालीकोट हिरा ब. कठायतको घर चेपिएको । |
| २०५८ | जंगली जनावरको आक्रमण | वडा न ४ | बदेलको आक्रमणमा परी पल्लो कुमालीकोटको दिर्घ ब. कठायतको मृत्यु तथा मदन कठायत घाइते । |
| २०७६ | जंगली जनावरको आक्रमण | वडा न ४ | कुलपातेमा सल्लाको खोटो (लिसो )कम्पनीमा कार्यरत एक भारतीय नागरिकको बाघको आक्रमणबाट मृत्यु । |
| २०६४ | जंगली जनावरको आक्रमण | वडा न ५ | ढुन्डुर नामको भालुले गाउमा घरपालुवा जनावरहरुमाथी आक्रमण गरेको हुदा सैनिकद्वारा थाप्ला भन्ने ठाउमा मारेको । |
| २०६२ | जंगली जनावरको आक्रमण | वडा नं ५ | धामी गाउमा भालुले पुरण बहादुर पार्की र गोपाल पार्कीको छोरीलाई आक्रमण गरेको । |
| २०७९ | जंगली जनावरको आक्रमण | वडा नं ५ | हिरा भण्डारीको श्रीमती र टिका भण्डारीको श्रीमतीलाइ भालुले चिथोरेको । |

| | | | |
|---|---|---|---|
| २०७२ | भूकम्प | वडा नं ५ | घरहरुमा सामान्य असर परेको । |
| २०८० | भूकम्प | वडा न ५ | घरहरु चर्केको । |
| २०६४ | पहिरो | वडा नं ५ | शारदा स्कुलको जमिनमुनीबाट बम पड्के जसरी आवाज  आएको र मूल फुटेको ।नेत्र प्रसाद जोशीको घर माटोले पुरेको र सेना द्वारा माटो निकालिएको । |
| २०७९ | पहिरो | वडा नं ५ | लक्ष्मी पार्कीको घर भत्केको /बाख्रा मरेको तथा घर भित्रको सामाग्री नस्ट भएको । |
| २०७८ | पहिरो | वडा न ५ | गोलसेनमा पहिरोले बिनोद भण्डारी र ऐस्वर्य बिस्टकी छोरीको मृत्यु । बागठाटामा पार्वती भूलको घर भत्केको सामानहरु चेपीएको । |
| २०५७ | पहिरो / बाढी | वडा नं ५ | बर्सातको पानीले भूकम्पको असरले चर्केको महेश ब. केसीको घर भत्केर  उनको साइलो बुवा बिर्ख ब. केसी को मृत्यु । |
| २०५६ | बाढी | वडा न ५ | द्वारे खोलाको बाढीको कारण पुल, घट्ट बगाएको तथा करिव १०० रोपनी खेत पुरेको । |
| २०८० | बाढी | वडा न ५ | द्वारे खोलामा बाढी आएर अम्बर बहादुर मलासी र भिम बहादुर मलासीको खेत बगाएको । |
| २०८० | आगलागी | वडा न ५ | जंगलमा भिषण आगलागी भएको र प्राय हरेक वर्ष जंगलमा आगलागी भइ रहन्छ । |
| २०८० | बाढी /पहिरो | वडा नं ५ | ठुलो पानी परेर घर भत्कदा सिता मलासीको मृत्यु । |
| २०७७ | चट्यांग | वडा नं ५ | पदम सिं मलासीको मृत्यु । |
| २०७९ | भूकम्प | वडा नं ६ | खानेपानीको ट्यांकीलाइ असर पारेको ।५१ वटा घरहरु चर्केको , ४ वटा पूर्ण रुपमा क्षती । |
| नियमित | पहिरो / जमिन भासिने | वडा न ६ | २ पिपल एरियामा नियमित जमिन भासिने समस्या । |
| २०७९ | आगलागी | वडा नं ६ | सिलागढी खानेपानीको स्टोरमा आगलागी भएर करोडौको समान क्षती  । |

| | | | |
|---|---|---|---|
| २०५८ | आगलागी | वडा नं ६ | इस्लामको डाडामा आगलागी भएर सिरक डस्ना पसल नस्ट । |
| | आगलागी | वडा नं ६ | ग्यास पड्केर जगेडाबाटीटोलमा आगलागी मानिस घाइते भएको अन्नहरू जलेको , । |
| २०६० | जंगली जनावरको आक्रमण | वडा नं ६ | भालुको आक्रमणमा परी कालु सिहं घाइते मानिस घाइते भएको । |
| २०८० | हावाहुरी /असिना | वडा नं ६ | असिना पानीको कारण कृषि बालीमा ठुलो असर । |
| २०७२ | भूकम्प | वडा नं ७ | घरहरु सामान्य चर्केको । |
| २०७९ | भूकम्प | वडा नं ७ | धेरै घरहरु चर्केको । |
| २०६३ | पहिरो | वडा नं ७ | बालासेनमा पहिरोले घर भत्कदा तिलक बिस्टको छोराको मृत्यु , ६/७ वटा बाख्रा , १ हल गोरु , गाइ भैसी तथा सम्पती गहना पुरेको ।कोइरेलीको सन्त ब. बिस्ट ,तारा बिस्ट , रुपसिंह बिस्ट ,देवादेवी बिस्टको अनाजसहित घर क्षती ।पानी खोला राम महराको घर पिल्लर सहित आधा क्षती , चौकी टोल खोलाको पानीले कटान गरी घरहरु पुरेको, हरेक वर्ष कोइरेलीको पुरै बस्ती बर्षातको समयमा बस्ती सारेर दुर्गा मा.बी स्कुलमा बस्नुपर्ने बाध्यता रहेको । |
| नियमित समस्या | पहिरो | | नानी आउजी, राम आउजीको घर घरमा भासिने र पहिरोले लाने समस्याले गर्दा घर छाडेर अन्यत्र सरेको ।कुन्जेडी पल्लो टोलमा माथिल्लो पहिरोले बिद्यालय र वस्तीमा असर ( धेरै पहिले देखी ), कुन्जेडी वल्लो टोल बस्ती गड्डी गाड खोलाले करिव १०० रोपनी खेत बगायो । |
| २०६३ | पहिरो | वडा नं ७ | रातुलीको भडारी टोलमा घर भासिएर राम बिस्टको घर ध्वस्त ।हाल पानी भासिदै गइरहेको ।बैस धारामा नियमित पहिरो गईरहेको र पानीको मुहानमा असर गरेर पानी घट्दै गइरहेको । |

| | | | |
|---|---|---|---|
| २०७६ | पहिरो | वडा नं ७ | मेलतोला पैया भन्ज्यांगमा खड्क बोहोराको भैसी ,गोरु ,बाख्राहरु एबम अन्नपात पहिरोले बगाएको ।धमतोला किमनामा ठुलो पहिरोले बस्तीमा समस्या ।कृष्ण खत्री र बेदराज जोशीको घरमा क्षती । |
| २०६९ | आगलागी | वडा न ७ | बिजुली सर्ट भइ कृष्ण ब. कुन्जेडाको घरमा आगलागी , पसलको सामान र बैक जलेको । |
| २०७८ | आगलागी | वडा नं ७ | बनमा लागेको आगोले गंगाराम बिस्टको घरमा सल्केर घर नस्ट । |
| २०७७ /७९ | आगलागी | वडा नं ७ | बिजुली सर्ट भएर २०७७ मा पुरै ध्वस्त र परालको माझमा लागेको आगो फैलिएर २०७९मा दिल ब बिस्टको घर आधा ध्वस्त । |
| २०८१ | करेन्ट लागेको | वडा न ७ | घरमा रेलिंग हाल्दैगर्दा GI पाइपले मेन लाइन नाङ्गो तारमा मा छुदा मान ब. बिस्टको छोरा घाइते । |
| २०७६ | करेन्ट लागेको | वडा न ७ | कैलाश आउजीको नातिनीहरु बिजुलीको नाङ्गो तार टुटेर भुइमा करेन्ट सर्टभैरहेको बेला करेन्ट लागेर मृत्यु । |
| २०८० | आगलागी | वडा नं ७ | छत्र ब. खड्काको घरमा आगलागीबाट क्षती । |
| २०५७/५८ | सुख्खा खडेरी | वडा नं ७ | खेति लगाएको मात्र तर उत्पादन नभएको , |
| २०७५ | सुखा /खडेरी | वडा नं ७ | खानेपानीको अभावले गाउमा ट्यांकरबाट पानी वितरण । |
| २०५४ | महामारी | वडा न ७ | झाडा बान्ता बाट करिव १५० बालबालिकालगायत संक्रमण । |
| २०६० | चट्याङ्ग | वडा नं ७ | उडीतोलाको भुपेंद्र खड्काको चट्यांग लागी मृत्यु ।त्यसैगरी मसानेमाड NTV को टावरमा चट्याङ्ग परी एकजना सैनिकको मृत्यु । |
| २०८१ | हावाहुरी | वडा नं ७ | गंगाराम बिस्टको घर हावाहुरीले ध्वस्त । |
| २०६५/६६ | असिनापानी | वडा नं ७ | असिनापानीले अन्न बाली भित्र्याउन नै नपाएको । |
| २०७९ | असिनापानी | वडा नं ७ | कार्तिक महिनामा ठुलो असिनापानेले त्यतिबेलाको अन्न बाली भित्र्याउन नपाएको । |

| | | | |
|---|---|---|---|
| २०७२ | पहिरो | वडा नं ८ | गोघदा बस्तीमा पहिरो आइ बस्ती सराइ भएको । |
| २०५६ | खडेरी | वडा नं ८ | लामो खडेरी गएको कारण खाने पानी सेती नदीबाट २०/२० लिटरको जर्किनमा बोकेर व्यवस्था गरेको । |
| २०६२ | पहिरो | वडा नं ८ | साबिक लडागडा वडा नं ६ मा नदीमा बाढी आएर मजुवाको बालिखेत बगाएको । |
| २०६२ | जंगली जनावर आक्रमण | वडा नं ८ | भालुको आक्रमणबाट शालिमान साउद र बांगे साउद घाइते / बेला बेलामा आक्रमण भैरहन्छ । |
| २०७९ | जंगली जनावर आक्रमण | वडा नं ८ | बाघको आक्रमणबाट लाले दमाई घाइते । |
| २०७९ | भूकम्प | वडा नं ९ | धेरै घरहरु चर्केको । |
| २०५० | पहिरो | वडा नं ९ | मछिन्तोला परिगाउमा ठुलो पहिरो गइ करी साउदको मृत्यु ।गाइ, गोरु ,बाख्रा ,भैसी बगाएको ।सिलगढी खानेपानीको मुहान कोनसेनमा असर गरेको ।, काडी गाउ राती साउदको ८ भैसी मरेको । |
| २०७२ | पहिरो | वडा नं ९ | करीगाउमा पहिरोले बाजी साउदलाइ बगाएको । |
| २०५० | पहिरो | वडा नं ९ | पुन्टे खेतमा तेजा साउदको घर बगाएको ,भैसी बगाएको, दली लोहारको भैसी बगाएको । |
| २०८१ | पहिरो | वडा नं ९ | तल्लो कलेनामा २५ घरको करिव १५० रोपनी खेत बगाएको ।काडी गाउमा अन्दाजी ८०/९० रोपनी खेत बगाएको ।गुणे गाउमा सिंचाइको नहर, खानेपानीको पाइप बगाएको । |
| २०५० | बाढी | वडा नं ९ | रौवाको खेतलाई बाढीले बगरमा परिणत गरेको । |
| २०८० | बाढी | वडा नं ९ | इसरिया साउदको खेत बगाएको । |
| २०८२ | बाढी | वडा नं ९ | पिनारीको देव साउदको ५ वटा बाख्रा र १० रोपनी खेत बाली सहित बगाएको । |
| २०८१ | बढी | वडा नं ९ | कौडढुंगा खानेपानीको पाइप बगाएको । |

| | | | |
|---|---|---|---|
| २०७९ | आगलागी | वार्ड नं ९ | बिद्युत सर्ट भएर शंकर साउदको घर जलेर अनाज ,पैसा नोक्सान । |
| २०८१ | आगलागी | वार्ड न ९ | चुलोबाट आगलागी भएर घर सामान्य जलेको । |
| २०८१ | आगलागी | वडा नं ९ | बिद्युत सर्ट भएर ग्यास २ लाख नगद सहित अनाज नस्ट |
| २०७७ | जंगली जनावर आक्रमण | वडा नं ९ | भालुको आक्रमणबाट मानिस घाइते । |
| २०७६ | जंगली जनावर आक्रमण | वडा नं ९ | भालुको आक्रमणवाट मानिस घाइते । |
| २०७६ | जंगली जनावरको आक्रमण | वडा नं ९ | तल्लो कलेनामा राजु साउदलाई भालुले आक्रमण ।मसुन्तोलामा एक जना बच्चालाई भालुले आक्रमण गरी बच्चाको नाक नै नभएको । |
| २०७८ | जंगली जनावरको आक्रमण | वडा न ९ | तल्लो कलेनाको नरे साउदको भालु आक्रमणमा परी औला खाएको । |
| २०७४ | खडेरी | वडा नं ९ | खडेरीको कारण पानी नभएर रोप्नुको साटो धानको बिउ फालेकों । |
| २०५४ | महामारी | वडा नं ९ | झाडाबान्ताको गाउभारिनै संक्रमण भइ बालबालिका सहित ३० जनाको मृत्यु तथा धेरै मानिस गाउ छाडेर जंगलतिर गएका । |
| २०८० | असिना | वडा नं ९ | धानवाली पुरै नस्ट भएको र भित्र्याउन नपाएको । |
| २०८१ | असिना | वडा नं ९ | गहु बाली नस्ट । |
| २०५८ | चट्यांग | वडा नं ९ | चट्यांगबाट जय ब साउदको गाइ, गोरु , सुर्य साउदको भैसी ,छत्र साउदको गोरु मरेको । |

## ३.२ प्रकोप पात्रो

| **प्रकोप/महिना** | | **बैशाख** | **जेठ** | **असार** | **श्रावण** | **भदौ** | **असोज** | **कार्तिक** | **मङ्** | **पुष** | **माघ** | **फागुन** | **चैत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | सिर | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वर्षा महिना | पहिले | | | ✓ | ✓ | ✓ | | | | | | | |
| | अहिले | | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | | | | |
| गर्मी महिना | पहिले | | | | | | | | | | | | ✓ |
| | अहिले | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | | | | |
| जाडो महिना | पहिले | | | | | | | | ✓ | ✓ | ✓ | | |
| | अहिले | | | | | | | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| बाढी महिना | पहिले | | | ✓ | ✓ | ✓ | | | | | | | |
| | अहिले | | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | | | | |
| पहिरो महिना | पहिले | | | ✓ | ✓ | ✓ | | | | | | | |
| | अहिले | | | ✓ | ✓ | ✓ | ✓ | | | | | | |
| आगलागी महिना | पहिले | ✓ | ✓ | | | | | | | | | | ✓ |
| | अहिले | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| खडेरी महिना | पहिले | ✓ | ✓ | | | | | ✓ | ✓ | | | | |
| | अहिले | ✓ | ✓ | | | | | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |

### ३.३ नगरपालिकाभित्र भएको क्षतीको विवरण

नगरपालिका क्षेत्रभित्र सन् २००४ -२०२४ सम्म बिस वर्षको अवधिमा प्राकृतिक तथा मानवजन्य विपद्का कारण भएको क्षति तलको तालिका प्रस्तुत गरिएको छ ।

| वडा नं. | मृत्यु | घाइते | वेपत्ता | प्रभावित परिवार संख्या |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | २२ | २ | | १०० |
| २ | १ | | | १२० |
| ३ | | २ | | ५० |
| ४ | ५ | ३ | २ | ३०० |
| ५ | ५ | ४ | | १०० |
| ६ | | ५ | | १२० |
| ७ | ५ | १ | | १५० |
| ८ | | ३ | | १०० |
| ९ | ३१ | ६ | | २०० |
| **जम्मा** | **६९** | **२६** | **२** | **१२४०** |

स्रोतः वडा कार्यालयमा भएको ६० वर्ष माथिको जेष्ठ नागरिक तथा वडा अध्यक्ष एबम सदस्यहरु संगको अन्तरक्रियामा आधारित

दिपायल सिलगढी नगरपालिका  विशेष गरी बाढीपहिरो , आगलागी, भूकम्प, चट्याङजस्ता प्राकृतिक विपदहरूबाट बढी जोखिममा रहेको छ । पालिका भित्रका सबै वडाहरूमा जोखिम स्तर समान रहेको छ ।

| प्रकोप | मृत्यु | घाइते | वेपत्ता | प्रभावित परिवार संख्या |
|---|---|---|---|---|
| आगलागी | | २ | | ६०० |
| बाढी | २ | | २ | २०० |
| पहिरो | ७ | १ | १ | ४०० |
| चट्याङ | ३ | | | ५० |
| जंगली जनावर आतंक | ३ | १७ | | ६० |
| भूकम्प | | | | |
| **जम्मा** | | | | |

## ३.४. दिपायल सिलगढी नगरपालिकाको वडागत उच्च जोखिम नक्सांकन (Risk Profile by Ward – Key Hazards)

| वडा नं | प्रमुख जोखिमयुक्त विपद् | जोखिमको प्रकृति | बारम्बारता / घटना | प्रभावित संरचना / जनशक्ति | विश्लेषण टिप्पणी |
|---|---|---|---|---|---|
| १ | बाढी, पहिरो, महामारी, जंगली जनावर आक्रमण | प्राकृतिक / जैविक | बारम्बार – १०+ घटना | घर, विद्यालय, खेत, जनधन क्षति | खोलाको नजिक, उबड–खाबड भू–भाग |
| २ | बाढी, डुवान, चट्याङ, आगलागी | मौसमी / मानव | वार्षिक (नियमित बाढी) | खानेपानी मुहान, बस्ती, स्कुल | नदीकिनारमा अवस्थित, पूर्वतयारी कमजोर |
| ३ | जंगली जनावर आक्रमण, खडेरी, आगलागी | जैविक / जलवायु | दोहोरिने | घर, पशु, बाली | जंगलसँगको निकटता, पानी अभाव |
| ४ | आगलागी, पहिरो, जंगली जनावर आक्रमण | मानवजनित / प्राकृतिक | बारम्बार (८+ घटना) | बजार, पसल, होटल, खेत | पिपल्ला बजारमा आगलागीको उच्च जोखिम |
| ५ | बाढी, पहिरो,जंगली जनावर आक्रमण | बहु–जोखिम | बारम्बार (१०+ घटना) | बस्ती, बाली, पशु, मानिस | उच्च जोखिमयुक्त, बाढी+पहिरो संयुक्त असर |
| ६ | आगलागी, जंगली जनावर आक्रमण, असिना | मानवजनित / जलवायु | मध्यम | स्टोर, खेती, मानिस | बजार र जंगलबीचको सन्धिक्षेत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | पहिरो, आगलागी, करेन्ट, चट्याङ | बहु–जोखिम | नियमित | घर, पसल, मानिस | भू–स्खलन र बिजुली सर्ट मुख्य समस्या |
| ८ | खडेरी, जंगली जनावर आक्रमण, पहिरो | जलवायु / जैविक | कम तर गम्भीर | पानीको अभाव, बस्ती सराइ | खानेपानी अभावले गम्भीर असर |
| ९ | भूकम्प, बाढी, पहिरो, आगलागी | बहु–जोखिम | दोहोरिने (१०+ घटना) | घर, पशु, खेती, मानव मृत्यु | उच्च जोखिमयुक्त वडा – समग्र असर धेरै |

**उच्च जोखिम वडाहरू (High-Risk Wards):**

वडा नं १, ४, ५, ७, र ९ मा बहु–प्रकोपको आवृत्ति, जनधन क्षति र संरचनागत असर अधिक देखिन्छ।

**विशेष जोखिम क्षेत्रहरू:**

वडा ५: बाढी ,पहिरो , जनावर आक्रमणको त्रिकोणात्मक प्रभाव ।

वडा ९: भूकम्प, आगलागी, जनावर आक्रमण, असिना आदिको समग्र असर - जनधन क्षति अत्यधिक ।

वडा ४: बजार क्षेत्रमा बारम्बार आगलागी - पूर्वतयारी अति आवश्यक ।

**जलवायुजन्य जोखिम:**

खडेरी, असिना, हावाहुरी विशेष गरी वडा २, ३, ६, ८ मा कृषि प्रणालीमा गम्भीर असर पुऱ्याइरहेका छन् ।

**बिपत नक्सांकन**

तल प्रस्तुत गरिएको वडा–विपद् संख्यात्मक तालिका सम्पूर्ण विपद् (पानीजन्य, मानवजन्य, जैविक, मौसमजन्य आदि) को आधारमा तथ्यमा आधारित, व्यवस्थित, र प्रमाणित विश्लेषणात्मक विधिबाट निर्माण गरिएको हो। संक्षिप्त रूपमा, यो विश्लेषणले प्रत्येक विपद्का घटेका घटनाहरूलाई वडागत रूपमा सङ्कलन, वर्गीकरण, र गणना गर्ने "गणनात्मक विधि (Quantitative Frequency Mapping)" अपनाएको छ।

## विपद् संख्यात्मक तालिका निर्माणको विधि (Method of Disaster Count Mapping):

१. प्राथमिक तथ्यांक स्रोत

वडा कार्यालय मा ६० बर्ष माथीका जेष्ठ नागरिक र वडा प्रतिनिधीले दिएको विपद्को वर्ष, स्थान, घटना र क्षतिको विवरण भएको अभिलेख नै मूल आधार हो। प्रत्येक घटनालाई वडागत रूपमा छुट्याइएको छ।

२. विपद् वर्गीकरण (Categorization of Disaster)

सबै विपद्हरूलाई निम्नानुसार वर्गीकरण गरिएको छ:

पानीजन्य: बाढी, डुवान, पहिरो, जमिन भासिने

मौसमी: हावाहुरी, असिना पानी, चट्याङ

जैविक: महामारी (झाडाबान्ता, कोरोना), जंगली जनावर आक्रमण

भूकम्पीय: भूकम्प

मानवजन्य: आगलागी, करेन्ट, ग्यास विस्फोट

३. प्रत्येक विपद् घटना गन्ती (Event Counting)

- प्रत्येक वडामा भएका विपद् घटनाहरूलाई वर्ष र विवरण अनुसार अलग–अलग घटना मानेर गणना गरिएको छ ।
- नियमित रूपमा हुने विपद् (जस्तै नियमित बाढी, नियमित पहिरो) लाई कम्तीमा १ पटक गणना गरिएको छ।

उदाहरण:

- वडा ४ मा आगलागीका घटना: २०७०, २०७५, २०७६, २०७८, २०८० - ५ घटना
- वडा ५ मा जंगली जनावर आक्रमण: २०६२, २०६४, २०७९ - ३ घटना

४. संख्यात्मक मान निर्धारण (Value Assignment)

- हरेक वडामा प्रत्येक प्रकारको विपद्का कुल घटनाको संख्या गणना गरी पूरा संख्या मा टेबलमा उल्लेख गरिएको छ ।
- यसले कुन वडामा कुन–कुन विपद् कति पटक घटिसकेको छ भन्ने स्पस्ट पार्दछ ।

५.प्रमाण सहित प्रमाणीकरण (Validation through Evidence)


प्रत्येक अंकको पछाडि ठोस वर्ष, स्थान र क्षतिको उदाहरण छ, जुन वडा बाट प्राप्त विवरणबाट पुष्टि हुन्छ।

## विश्लेषणको उद्देश्य:


| वडा न | बाढी | पहिरो | महामारी | भूकम्प | खडेरी | जंगली जनावरको आक्रमण | आगलागी | चट्यांग | बिजुली सर्ट | हावाहुरी | डुबान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 2 | 1 | 2 | 0 | 2 | 2 | 0 | 0 | 0 | 0 | 0 |
| 2 | 4 | 1 | 1 | 2 | 2 | 2 | 2 | 2 | 0 | 2 | 3 |
| 3 | 1 | 0 | 0 | 1 | 2 | 2 | 1 | 0 | 0 | 2 | 0 |
| 4 | 1 | 3 | 0 | 1 | 0 | 2 | 5 | 0 | 0 | 0 | 1 |
| 5 | 3 | 3 | 0 | 2 | 0 | 3 | 1 | 1 | 0 | 0 | 0 |
| 6 | 0 | 1 | 0 | 1 | 0 | 1 | 3 | 0 | 0 | 2 | 0 |
| 7 | 0 | 4 | 1 | 2 | 2 | 0 | 4 | 2 | 2 | 2 | 0 |
| 8 | 0 | 2 | 0 | 0 | 1 | 2 | 0 | 0 | 0 | 0 | 0 |
| 9 | 4 | 4 | 2 | 1 | 2 | 4 | 3 | 2 | 0 | 2 | 0 |
| Maximum | 4 | 4 | 2 | 2 | 2 | 4 | 5 | 2 | 2 | 2 | 3 |
| minimum | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

- वडागत जोखिमको घनत्व पत्ता लगाउन
- जोखिम व्यवस्थापनको प्राथमिकता निर्धारण गर्न
- पूर्वतयारी र पूर्वसूचना प्रणालीलाई लक्षित बनाउन


## माथिको तथ्यांकको आधारमा वडागत जोखिम नक्साबाट बुझ्न सकिन्छ





आगलागीको जोखिम





बाढीको जोखिम




पहिरोको जोखिम




हावाहुरीको जोखिम




डुवानको जोखिम




जंगली जनावरको आक्रमणको जोखिम




खडेरीको जोखिम



भूकम्पको जोखिम



चट्याांगको जोखिम



महामारीको जोखिम

## ४.बिपत प्रतिकार्य योजना

### ४.१ नगरपालिकाको खासस्व अवस्था

दिपायल सिलगढी नगरपालिकामा ८५ प्रतिशत घरधुरीमा पाइप प्रणालीको खानेपानी उपलब्ध छ भने यस नगरपालिकामा ह्याण्डपम्पको माध्यमबाट खानेपानी प्राप्त गरिरहेका अवस्था छैन । त्यसैगरी १५ प्रतिशत घरधुरीहरू नजिकैको खोलाको असुरक्षित पानी पिउनका लागि प्रयोग गरीरहेको देखिन्छ ।

| वडा नं. | जम्मा घरधुरी | पाइप प्रणाली | ह्याण्डपम्प | इनार | खोला/नदी | अन्य |
|---|---|---|---|---|---|---|
| १ | ८९१ | ६९१ | - | - | २०० | |
| २ | ८४५ | ७३५ | - | - | ११० | |
| ३ | ८२४ | ५४४ | - | - | २८० | |
| ४ | १४१६ | १३४६ | - | - | ७० | |
| ५ | ९३७ | ७५७ | - | - | १८० | |
| ६ | ९३५ | ९०५ | - | - | ३० | |
| ७ | ८५४ | ७६४ | - | - | ९० | |
| ८ | ९०३ | ७१३ | - | - | १९० | |
| ९ | ७८० | ६८० | - | - | १०० | |
| **जम्मा** | ८३८५ | ७१३५ | | | १२५० | |
| **प्रतिशत** | | | | | | |

स्रोतः खासस्व योजना

### क. खासस्वमा विपद्को प्रभाव र प्रतिकार्य योजना

पालिकाको विगतको विपद्जन्य प्रकोप र क्षतिको अवस्था विशेषगरी खासस्व क्षेत्रमा यस्तो रह्यो :

- विपदका कारण धेरै घरहरू क्षतिग्रस्त भए, कैयौँ घरहरू बाढीको डुबानमा परे जसका कारण कतिपय परिवारहरू अल्पकालीन र दीर्घकालीन विस्थापित भए । विद्यालय र स्वास्थ्य संस्थाहरूमा क्षति पुग्यो र कति त पूर्णरूपमा ढले र प्राप्त भइरहेको सेवा अवरुद्ध हुन पुग्यो ।
- खानेपानी र सरसफाइका सुविधा तथा संरचनाहरू नष्ट भए फलस्वरूप पानीजन्य सरुवा रोगको प्रकोप र जीवाणुजन्य महामारीको जोखिममा वृद्धि भयो ।

- जनधनको संभावित क्षति रोक्न र महामारी जोखिम फैलिन नदिन घर बस्ती, समुदाय र संस्थाहरूमा तत्काल खासस्व सेवाको पुनर्स्थापना र निरन्तरताको आवश्यकता पऱ्यो ।
- महिला (विशेषगरी गर्भवती र सुत्केरी), बालबालिका, किशोरी, वृद्धवृद्धा तथा अपाङ्गता भएका ब्यक्तिहरू विपद्का कारण वढी जोखिममा परे । सामाजिक रूपले पछाडी पारिएका र सुविधाबाट वञ्चित समुदायलाई जोखिमको अवस्थामा विशेष संरक्षणको आवश्यकता पऱ्यो ।
- कृषि तथा पशुपालनमा आश्रित क्षेत्र तथा जनसंख्याले बाली थन्क्याउन पाएनन् र धेरै बाली डुबेर नष्ट भयो । पशु जनावर र पंक्षी लगायत माछा पोखरीहरू बाढीले बगाएर नष्ट पाऱ्यो, धेरै पशुपंक्षी मरे, जसका कारण सार्वजनिक स्वास्थ्यको जोखिम झन् बढेर गयो । फलस्वरूप खाद्य सुरक्षा तथा पौष्टिक आहारमा विपरित असर पऱ्यो ।
- अति आवश्यकीय पूर्वाधारका संरचनाहरू सडक, पुल, विमानस्थल लगायत बिद्धुत प्रशारण र सञ्चारका माध्यमहरू क्षतिग्रस्त भइ अवरुद्ध भए । कति संरचनाहरू पुनर्स्थापना र पुनर्संचालन गर्नै नसकिने गरी नष्ट भए ।

यी सबै जोखिमका अवस्थाहरूका आधारमा यो पालिका स्तरीय खासस्व भैपरी योजनाले पालिकाको कुल जनसंख्याको ६० प्रतिशत लाई तत्काल प्रतिकार्य र उद्धार गर्न सकिने लक्ष राखेको छ । यो खासस्व योजनाले विपद जोखिमका आधारमा विशेष गरी दुई प्रमुख वर्गमा प्रतिकार्यलाई समेटेको छ ।

१. कुल ३३९६८ लक्षित जनसंख्या लाई स्वच्छता प्रवर्द्धन र सार्वजनिक स्वास्थ्यको सेवा तत्काल पुऱ्याउने

२. करिव १५ प्रतिशत प्रभावित जनसंख्यालाई तत्काल अस्थायी आवास प्रदान गर्ने र तत्काल अस्थायी आवासको जरुरत नपर्ने बाँकी ८५ प्रतिशत जनसंख्यालाई खानेपानी, सरसफाइ र स्वच्छताको सेवा तत्काल उपलब्ध गराउने ।

## ४.२ विपद् पछिको खासस्व अनुमानित परिदृश्य

- खानेपानी प्रणाली क्षतिग्रस्त भएको हुनेछ । धारामा पानी नआएको हुनेछ र खानेपानीका लागि अन्य स्रोत खोज्नु पर्नेछ ।
- खानेपानीको मुहान तथा पाइप र धारा तथा ट्यांकीहरू क्षतिग्रस्त भएको हुनेछ ।
- खानेपानी प्रदूषित भएको हुनेछ ।
- शुद्ध पानी, सरसफाइ र स्वच्छताको कमीका कारण प्रकोप फैलिइ विपदको जोखिम बढेको हुनेछ ।
- आवश्यकता अनुसार पानीको वितरण हुन सक्ने अवस्था नरहेको हुन्छ ।

## ४.३ प्रतिकार्यको प्राथमिकता

बिपद्को अवस्थामा पालिका वा पालिका स्तरीय समितिहरूले तत्काल संबोधन गर्नु पर्ने प्रमुख कार्य तथा प्रतिकार्यहरू प्राथमिकताको आधारमा निर्धारण गरिन्छ । खासस्व क्षेत्रलाई लक्षित

गरिएको हुँदा यसको प्राथमिक आवश्यकता विपद् प्रभावित समुदायमा तत्काल खासस्व सेवा सुचारु गराउने र जनधनको क्षति हुन नदिनु नै हो। पालिका वा पालिका स्तरीय खासस्व जिम्मेवार निकायले पालिका भित्रका खासस्व क्षेत्रका साझेदार तथा सरोकारवाला संघ संस्था विच प्रभावकारी समन्वय सहित जोखिम नियन्त्रण र प्रकोप विस्तारलाई रोक्न आवश्यक कदम चाल्नु तत्कालका लागि प्राथमिक प्रतिकार्य हो । पालिकाले तत्कालका लागि निम्न छ (६) प्राथमिकता क्षेत्र तोकी क्रियाकलापहरू सञ्चालन गर्नेछ जसबाट पानीजन्य रोगहरूको उत्पति र विस्तार तत्काल रोक्न सकिन्छ ।

**सुरक्षित खानेपानीः** आवश्यक मात्रामा पिउन, खाना पकाउन र घरायसी तथा व्यक्तिगत स्वच्छताका लागि आवश्यक सुरक्षित खानेपानीमा न्ययोचित पहुँचको सुनिश्चितता ।

**सरसफाइः** विपद् प्रभावितहरू रहेको स्थानमा जरुरत अनुसारको अस्थायी शौचालयको तत्काल स्थापना । त्यस्ता शौचालयहरू अस्थायी आवासको वरिपरि नै सुरक्षित र मर्यादित ढंगबाट स्थापना गर्ने व्यवस्था । विपद प्रभावितहरूले चौविसै घण्टा शौचालय प्रयोग गर्न सक्ने गरी सहज पहुँचको सुनिश्चितता ।

**स्वच्छता प्रवर्द्धनः** सांस्कृतिक संवेदनशीलता लाई समेत ख्याल गरी विपद् प्रभावितहरूको स्वच्छता अभ्यासका लागि आवश्यक सूचना सहित तत्काल स्वच्छता सेवाको सुनिश्चितता । स्वच्छता आनीबानी र सुविधाहरूको प्रयोग र व्यवस्थापन सिप तथा ज्ञानको सुनिश्चितता ।

**ठोस तथा तरल फोहोर व्यवस्थापनः** विपद् प्रभावित समुदाय ठोस तथा तरल फोहोरको कारण जोखिममा पर्न सक्ने संभावनालाई ध्यानमा राखी तत्काल फोहोर (औषधिजन्य फोहोर सहित) को प्रभावकारी व्वस्थापन र सुरक्षित बिसर्जनको सुनिश्चितता ।

**महामारी नियन्त्रणः** विपद प्रभावित समुदाय तथा परिवारलाई अनावश्यक स्वास्थ्य जोखिम र पानीजन्य सरुवा रोगहरूको प्रकोपबाट बचाउन तत्काल आवश्यक उपायहरूको सुनिश्चितता । विपद् प्रभावितहरूलाई रोगजन्य वातावरण बाट सुरक्षित राख्न रोग नियन्त्रणात्मक उपायहरूको तत्काल अवलम्बन । स्वास्थ्य संस्थाहरू तत्काल सुचारु गर्न र क्षतिग्रस्त स्वास्थ्य सेवा तथा सुविधाहरू तत्काल पुनर्स्थापना गर्ने सुनिश्चितता ।

**मनोसामाजिक सहयोग :** विपद् प्रभावितहरु, खासगरी बालबालिकाहरूमा विपदका कारणले पर्न सक्ने भावनात्मक पीडा, आघात र मानसिक स्वास्थ्य समस्याहरु समाधान गर्न पालिकाद्वारा सम्बन्धित क्षेत्रका विज्ञहरुको परिचालन ।

पालिकाले विपद्को अवस्थामा गरिने प्रतिकार्य र प्रदान गरिने आकस्मिक खासस्व सेवा तथा निर्माण गरिने संरचनाहरू संभव भएसम्म सबै प्रयोगकर्ता मैत्री हुनेछन् । अस्थायी शौचालय, स्नानगृह आदि लगायत सबै संरचनाहरू बालमैत्री, अपाङ्गता मैत्री र महिला तथा पुरुषहरूका लागि छुट्टाछुट्टै हुने गरी स्थापना गरिनेछन् । विपदका कारण विस्थापित भएकाहरू, अस्थायी रूपले बसोबास गरिरहेका, अव्यवस्थित बसोबास गरिरहेकाहरू आदि सबैका लागि तत्काल पालिका भित्रका विद्यालय र सार्वजनिक भवनहरूमा आवास उपलब्ध गराइनेछ । जहाँ जसरी बसोबास गरिरहेका भएपनि विपद्को अवस्थामा तत्कालका लागि आवश्यक स्वास्थ्य सुविधा र खानाको व्यवस्था गरिनेछ ।

## ४.४ जोखिमको नक्शांकन

सन् २००१ -२०२३  सम्मको उपलब्ध विपद् जोखिमको तथ्यांकको विश्लेषणको आधारमा दिपायल सिलगढी नगर पालिकामा  बाढी तथा बाढीजन्य प्रकोपका कारण २ जनाको  जनाको मृत्यु तथा २ जना बेपत्ता भएको देखिन्छ । बाढी बाहेक पालिकामा अन्य संभाब्य विपद्हरूमा आँधी, चट्याङ र आगलागी देखिएको छ । २०५४ सालमा यस पालिकाको १ र ९ नम्बर वडामा  महामारीको प्रकोप पनि देखिन्छ झण्डै । सन् २००१ -२०२३  को अवधिमा यस नगरपालिकामा महामारीजन्य रोगको कारणबाट ४५ जनाको  मृत्यु भएको देखिन्छ । सन् २०१५ को गोरखा भूकम्पबाट यस नगरपालिका पनि आंशिक प्रभावित रह्यो । भने २०७९ सालको भूकम्पको प्रभाव सबिभंदा बढी पूर्वी चौकी गाउपालिकामा परेपनी यस पालिकामा पनि परेको थियो ।

**प्रकोप, आवृत्ति, प्रभाव, र प्रकोप तह**

| प्रकोप | आवृत्ति | प्रभाव | प्रकोप तह |
|---|---|---|---|
| भूकम्प | दुर्लभ | विनाशकारी | उच्च |
| बाढी र पहिरो | बारम्बार | गम्भीर | मध्यम उच्च |
| आगलागी | दुर्लभ | गम्भीर | मध्यम उच्च |
| महामारी | दुर्लभ | मध्यम | मध्यम |
| सर्पदंश | दुर्लभ | नगण्य | न्यून |
| असिना | बारम्बार | मध्यम | न्यून |
| खडेरी | दुर्लभ | मध्यम | न्यून |
| जनावर आतंक | बारम्बार | मध्यम | मध्यम |
| चट्याङ | बारम्बार | मध्यम | उच्च |
| हावाहुरी | बारम्बार | मध्यम | न्यून |
| शितलहर | दुर्लभ | न्यून | न्यून |
| सडक दुर्घटना | दुर्लभ | गम्भीर | मध्यम |

पालिकाका ९ वटै  वडाहरूको विपद् जोखिमको आधारमा नक्शांकन गर्दा अवस्था निम्नानुसार देखिन्छ ।

## ४.५ आकस्मिक कोषको व्यवस्था

यस पालिकाले विपद व्यवस्थापन कार्यविधि पारित गरी लागू गरिसकेको छ/गर्ने छ  । सो कार्यविधिले विपद्को अवस्थामा परिचालन गरिने गरी एक कोषको व्यवस्था गरेको छ । आकस्मिक अवस्थामा परिचालन गर्ने गरी व्यवस्था गरिएको सो आकस्मिक कोषलाई विपद् व्यवस्थापन कोष भनिएको छ । पालिकामा विपद्को अवस्थामा खासस्व सेवा सुचारु गर्न पनि सोही कोष परिचालन गरिनेछ । कोषमा देहाय बमोजिम रकम रहनेछ ।

- विपद् व्यवस्थापन, आकस्मिक कोष वा कुनै शीर्षकमा नगरपलिकाको नगर  सभाले स्वीकृत गरी विनियोजन गरेको रकम
- उद्धार तथा राहतका लागि चन्दा र सहयोगबाट प्राप्त रकम

- संघीय सरकार वा प्रदेश सरकारले विपद व्यवस्थापनका लागि भनि तोकेर पठाएको रकम
- उद्धार, राहत र पुनर्स्थापनाका लागि अन्य स्रोतबाट प्राप्त रकम

यसरी विपद् आकस्मिक कोषमा रहेको रकम विपदका अवस्थामा वा पालिकाको कार्यविधिले तोकेको अवस्थामा बाहेक अन्यत्र खर्च गर्न पाइँदैन । कोषको अलग्गै लेखा राखिनेछ र सो को लेखा परिक्षण प्रचलित कानुन बमोजिम गरिनेछ । कोषको खाता सञ्चालन कार्यविधिमा तोकिए अनुसार गरिनेछ । कोषको अवस्थाको दुरुस्त अभिलेख अद्याबधिक राख्ने व्यवस्था गरिने छ ।

## ४.६ नगरपालिका खासस्व पूर्व-तयारी क्रियाकलापहरू

पालिकाको पालिका कार्यसंपादन नियमावलीमा व्यवस्था भए बमोजिमको विषयगत समिति, खासस्व समन्वय समिति वा खासस्व शाखा तथा अन्य सरोकारवाला संघसंस्थाहरूका लागि विपदको अवस्थामा तत्काल प्रतिकार्यका लागि तल उल्लेख गरिए बमोजिमका क्रियाकलापहरू विपद पूर्वतयारीका रूपमा पहिचान गरिएको छ ।

| क्र. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | मनसुन पूर्व तयारी र प्रतिकार्य योजनाको निम्ति WASH समितिको वैठक | नगर पालिका WASH समिति/ खासस्व शाखा | UNICEF,...... | प्रत्येक वर्ष जेठ १५ गते भित्र अनिवार्य |
| २ | प्रतिकार्यको निम्ति बजेटको निर्धारण र निकासा | नगरपालिका WASH समिति/ खासस्व शाखा/ खासस्व साझेदार तथा सरोकारवाला निकायहरू | UNICEF/ WHO र अन्य संघसंस्थाहरू | विपद आकस्मिक कोषमा व्यवस्था भएबमोजिम |
| ३ | खासस्व साझेदार तथा सरोकारवाला निकायहरूसँग रहेको विपद प्रतिकार्य सामग्रीको भण्डारण अवस्थाको सूचना संकलन र अद्यावधिक | पालिका | पालिका भित्रका खासस्व साझेदार तथा सरोकारवाला निकायहरू | |
| ४ | विपद् प्रतिकार्य योजना सहित पालिका स्तरीय खासस्व भैपरी योजनाको अद्यावधिक | पालिका | पालिका भित्रका खासस्व साझेदार तथा सरोकारवाला निकायहरू | |

| क्र. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| ५ | अन्य क्षेत्रमा विपद् प्रतिकार्य र उद्धारको काम गरिरहेका संघ संस्थाहरूको अभिलेख, उनीहरूको क्षमता र विज्ञताको पहिचान, सम्पर्क स्थापना र समन्वय | पालिका भित्रका खासस्व साझेदार तथा सबै सरोकारवाला निकायहरू | पालिका | |
| ६ | वडा तथा समुदाय स्तरमा खासस्व भैपरि अवस्था, विपद् पूर्व तयारी, प्रतिकार्य र संभावित जोखिम तथा महामारीको बारेमा अभिमुखीकरण कार्यक्रम | नगर पालिका WASH समिति/ खासस्व शाखा/ खासस्व साझेदार तथा सरोकारवाला निकायहरू | पालिका भित्रका खासस्व साझेदार तथा सबै सरोकारवाला निकायहरू/ विपद् प्रतिकार्यमा खटिने स्थानीय सुरक्षा निकाय लगायत | |
| ७ | खासस्व विपद् पूर्वतयारी र प्रतिकार्यका निम्ति प्रदेश सरकार, प्रादेशिक मन्त्रालय तथा विभागहरू र छिमेकी पालिकाहरूसँग समन्वय | पालिका | नगरपालिका /खासस्व समिति/ खासस्व शाखा/ खासस्व साझेदार तथा सरोकारवाला निकायहरू | पालिकासँग उपलब्ध स्रोतहरू र अन्य निकायसँग उपलब्ध स्रोतहरूको पहिचान र आकस्मिक परिचालनको निम्ति व्यवस्था र समन्वय |
| ८ | पालिका स्तरीय स्वास्थ्य, शिक्षा तथा पोषण सम्बन्धी शाखा वा अन्य निकाय तथा पालिकाका अन्य समितिहरू सँग खासस्व आवश्यकता र विपद्को अवस्थामा संभावित | पालिका | नगरपालिका , WASH समिति/ खासस्व शाखा/ खासस्व साझेदार तथा सरोकारवाला निकायहरू | |

| क्र. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| | महामारी नियन्त्रणका उपायहरूका लागि समन्वय | | | |
| ९ | खासस्व विपद् प्रकोप सम्बन्धी सूचनामूलक सामग्रीहरूको तयारी र प्रसार | नगरपालिका | नगर पालिका WASH समिति/ खासस्व शाखा/ खासस्व साझेदार तथा सरोकारवाला निकायहरू | |
| १० | सूचना व्यवस्थापन प्रणाली र रिपोर्टिङ मार्गदर्शनको तयारी र अद्यावधिक | नगरपालिका WASH समिति/ खासस्व शाखा/ खासस्व साझेदार तथा सरोकारवाला निकायहरू | खासस्व शाखा प्रमुख वा विषय विज्ञ | |
| ११ | आपतकालीन उद्धारकर्ता तथा तत्काल प्रतिकार्यमा खटिनेहरूका लागि भैपरी योजनाको संक्षिप्त प्रारूप तयारी र वितरण | पालिका | खासस्व शाखा प्रमुख वा विषय विज्ञ | |
| १२ | आपतकालीन अवस्थामा उद्धार तथा प्रतिकार्य सामग्रीहरूको खरिदका लागि आपुर्तीकर्ता /बिक्रेताहरूको अभिलेख तथा तत्काल उपलब्ध हुन सक्ने गरी उनीहरूसँग गरिने खरिद संझौताको अद्यावधिक | नगरपालिका खासस्व समिति/ खासस्व शाखा/ खासस्व साझेदार तथा सरोकारवाला निकायहरू | पालिका | |
| १३ | संभावित जोखिम सम्बन्धी वडा तथा समुदाय तहमा पूर्वसूचना संकलन | नगरपालिका WASH समिति/ खासस्व शाखा/ खासस्व साझेदार तथा | | संभावित जोखिमका आधारमा |

| क्र. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| | | सरोकारवाला निकायहरू | | |
| १४ | प्रविधिको प्रयोगको सुनिश्चितता (गूगल ड्राइभ,गूगल म्याप) सहित सूचना व्यवस्थापन र सूचना सार्वजनिकिकरण | नगर पालिका WASH समिति/ खासस्व शाखा/ खासस्व साझेदार तथा सरोकारवाला निकायहरू | | |

**नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्व-तयारी योजना**

| क्र. सं. | सामान्य पूर्वतयारी कार्यहरू | समय तथा परिमाण | जिम्मेवार निकाय/ संस्था |
|---|---|---|---|
| १ | विपदको समयमा खानेपानी शुद्धिकरणका लागि आवश्यक औषधिको उचित भण्डारण | वर्षमा कम्तिमा एक पटक | विषयगत समिति वा पालिका खासस्व शाखा |
| २ | सरसफाइका लागि आवश्यक सामग्री तथा उपकरणहरूको उपयुक्त ठाउँमा उचित भण्डारण | वर्षमा कम्तिमा एक पटक | विषयगत समिति वा पालिका खासस्व शाखा |
| ३ | खानेपानी ओसार्ने, जम्मागर्ने र वितरण गर्ने साधनहरूको मर्मत तथा सम्भार | वर्षमा कम्तिमा एक पटक | विषयगत समिति वा पालिका खासस्व शाखा |
| ४ | आपतकालीन अवस्थामा प्रयो गर्न सकिने खानेपानीका स्रोतहरूको पहिचान र संरक्षण | निरन्तर/ प्रत्येक वडाहरू | पालिकास्तरीय खासस्व सरोकारवाला निकाय,संघ संस्था र पालिका खासस्व शाखा |

**प्रकोप आउने समय-सीमा नजिक हुन थालेपछि वा प्रकोपको पूर्वानुमान प्राप्त भएपछि खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा गरिने क्रियाकलापहरूको योजना देहाय बमोजिम छ ।**

| क्र. सं. | पूर्वानुमानमा आधारीत पूर्व-तयारीका कार्यहरू | समय तथा परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | विपद हुनसक्ने संभावना भएको सूचना जारी भएमा खासस्व विषयगत क्षेत्रका सदस्यहरूलाई प्रभावित स्थानमा परिचालनका लागि समन्वयात्मक बैठकको आयोजना | पूर्वानुमानको जानकारी पश्चात सूचना प्राप्त भएपछि एक पटक र आवश्यकता अनुसार पटक पटक | खासस्व शाखा र विषयगत क्षेत्रका सदस्यहरू |
| २ | खानेपानी शुद्धिकरणका लागि पर्याप्त औषधि तथा प्रविधिको व्यवस्था, तुरुन्त प्रयोग गर्न सकिने गरी तयारी अवस्थामा राख्ने व्यवस्था | पूर्वानुमानको जानकारी पश्चात प्रकोपको सिजन अनुसार | खासस्व शाखा र सम्बन्धित उपभोक्ता समितिहरू |
| ३ | सरसफाइका लागि परिचालन हुन आवश्यक सवारी साधन र उपकरणहरूको तयारी अवस्थामा राख्ने व्यवस्था | प्रकोपको सिजन अनुसार | खासस्व शाखा |
| ४ | विपद् प्रभावित स्थानमा खानेपानी वितरण र सरसफाइका लागि परिचालित हुने खासस्व विषयगत क्षेत्रका सदस्यहरूलाई तयारी अवस्थामा राख्ने व्यवस्था | प्रकोपको सिजन अनुसार | खासस्व शाखा र विषयगत क्षेत्रका सदस्यहरू |

### ४.७ विपद प्रतिकार्य कार्य सञ्चालन विधि (Standard Operating Procedure - SOP)

नगरपालिकामा उल्लेख्य विपद्को अवस्था आउनासाथ पालिकाद्वारा पारित कार्यसंपादन ऐन वा कार्यविधि अनुरूपको पालिका स्तरीय समिति, खासस्व समन्वय समिति वा खासस्व शाखा प्रमुखले २४ घण्टा भित्र नगरपालिका स्तरीय बैठक बोलाइ तत्काल उद्धार र प्रतिकार्यका लागि परिचालन भैसकेको हुनुपर्छ । नगरपालिकामा 'पालिका स्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना' अनुसार / नगपालिका स्तरीय खासस्व समन्वय समिति वा खासस्व शाखाले तत्काल प्रतिकार्यका लागि निम्न प्रक्रिया अन्तर्गत परिचालनको सुनिश्चितता गर्नेछ ।

| समय (घण्टा/ दिन) | प्रतिकार्य चरण | कैफियत |
|---|---|---|
| **२४ घण्टा भित्र** | विपदको सूचना प्राप्त भएको २४ घण्टाभित्र (उपलब्ध हुन सक्ने जति) पालिका स्तरीय समितिका सदस्य तथा पदाधिकारीहरू र सरोकारवालाहरूको सम्बन्धित पालिकामा बैठक बसि तत्कालका लागि आवश्यक उद्धार कृयकलाप र मौजुदा सामग्रीको आकलन तथा परिचालन | पालिका समिति र सरोकारवालाहरू |
| **२४ घण्टा भित्र** | विपदकालका लागि सम्बन्धित पालिकाले सम्पर्क ब्यक्ति वा प्रवक्ता तोक्ने र निजको कार्य विवरण परिभाषित गरी तत्काल परिचालन गर्ने | पालिका समिति खासस्व शाखा |

| समय (घण्टा/ दिन) | प्रतिकार्य चरण | कैफियत |
|---|---|---|
| २४ घण्टा भित्र | वडास्तरीय विपद् प्रतिकार्यका लागि गठित समिति वा समन्वय समिति सकृय बनाइ परिचालन गर्ने | पालिका समिति र सरोकारवालाहरू |
| २४-४८ घण्टा भित्र | पालिकासँग भण्डारणमा रहेका उद्धार, राहत तथा निर्माण/मरमत सामग्रीहरूको मौज्दात अद्यावधिक गर्ने र अतिरिक्त आवश्यक सामग्रीहरूको खरीद र भण्डारण/ वितरण | |
| २४-४८ घण्टा भित्र | प्रारम्भिक जीवन रक्षा सहयोग तत्काल उपलब्ध गराउने | |
| २४-४८ घण्टा भित्र | अवरुद्ध खानेपानी प्रणालीको अस्थायी पुनर्संचालन, मरमतको व्यवस्था; अस्थायी शौचालय जडान | |
| ४८ – ७२ घण्टा भित्र | सरसफाइ तथा स्वच्छता अवस्थाको आकलन पश्चात स्वच्छता प्रवर्द्धन सहित महामारीको संभावना रोक्न तत्काल पालिकाको स्वास्थ्य, शिक्षा तथा पोषण शाखासँगको समन्वयमा आवश्यक क्रियाकलापको सुरुवात; अस्थायी क्याम्प खडा गरिएको भए क्याम्प व्वस्थापनको सुरुवात | |
| ३ दिन- ८ दिन भित्र | पालिका सँग उपलब्ध साधन, स्रोत र भण्डारण पर्याप्त नहुने भए तत्काल प्रदेश तथा संघीय सरकार साथसाथै राष्ट्रिय/ अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग प्रतिकार्य सहयोग माग र उपलब्धी | |
| १-२ हप्ता भित्र | पुनः आउनसक्ने विपद प्रतिकार्यका लागि ‘विपद पूर्वतयारी योजना’ निर्माण | पालिका समिति खासस्व शाखा |

## ४.८ आपतकालीन प्रतिकार्य (कार्यविधि) योजना

कुनै पनि प्रकोपबाट सिर्जित विपदमा प्रतिकार्यका लागि यस नगरपालिका अन्तर्गतको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र परिचालनका लागि तपशिल बमोजिमका प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू तय गरिएको छ।

| क्र. सं. | विपद प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोली पठाइ क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान | विपद् पश्चात तत्काल | खासस्व शाखा |

| | | | |
|---|---|---|---|
| २ | विपव प्रभावित स्थान वा शिविर सञ्चालन भएको स्थानमा शुद्ध खानेपानीको प्रवन्ध | विपद् पश्चात तत्काल | सम्बन्धित उपभोक्ता समिति/ व्यवस्थापन निकाय/ खासस्व शाखा |
| ३ | विपदका कारण सिर्जित फोहोर व्यवस्थापन | विपद् पश्चात तत्काल | खासस्व शाखा |
| ४ | खानेपानी शुद्धीकरणका लागि आवश्यक औषधि, व्यक्तिगत सरसफाइका लागि हाइजीन किट वितरण र सरसफाइ तथा स्वच्छता सम्बन्धी चेतनामूलक कार्यक्रम | विपद् पश्चात तत्काल | खासस्व शाखा; नेपाल रेडक्रस सोसाइटी |
| ५ | विपद प्रतिकार्यमा आइपरेका समस्या तथा अतिरिक्त क्रियाकलापहरूका बारेमा पालिकाको विषयगत समिति तथा सदस्यहरूको विच समिक्षा बैठक | विपद् पश्चात तत्काल | खासस्व शाखा |

## ४.९ खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला

खानेपानी विना मानिसहरूको दैनिक जनजीवनको कल्पना पनि गर्न नसकिने हुँदा विपदको अवस्थामा खानेपानी नै प्रमुख सरोकार र आवश्यकताको विषयवस्तु हुने गर्दछ। विपदको अवस्थामा पनि मानिसहरूलाई बाँच्न र स्वस्थ रहन आधारभूत आवश्यकता अनुरूप खानेपानीको उपलब्धताको सुनिश्चितता गरिनु अत्यन्त आवश्यक हुन्छ। विपद प्रभावितहरूका लागि उपलब्ध हुने खानेपानीको गुणस्तर न्यूनतम मानक पूरा गरेको हुनुपर्दछ। उद्धारको अवस्थामा र उद्धार पश्चात शिविरको वसाइको क्रममा पनि खानेपानी र खानेपानी सम्बन्धी आपूर्तिमा न्यूनतम गुणस्तर कायम भएको हुनुपर्छ। त्यसैले पानीको गुणस्तर नियमित रूपमा अनुगमन गरी नियमन गर्नका लागि र विपद प्रभावितहरूको जीवन रक्षाका लागि पालिका स्तरमा खानेपानी गुणस्तर परीक्षण प्रयोगशालाको स्थापना पनि यसै भैपरी योजनामा समावेश भए अनुसार गरिनेछ।

## ४.१० आपूर्ति व्यवस्थापन

आपतकालीन राहतका लागि सामग्री व्यवस्थापन महत्वपूर्ण अंग हो। यसमा, आवश्यक सामग्रीको जगेडा र आपूर्ति, तिनीहरूको किनमेल, भण्डारण र भण्डार व्यवस्थापनका साथसाथै एक ठाउँबाट अर्को ठाउँसम्मको ढुवानी योजना समेत पर्दछन्। आपतकालीन परिस्थितीमा सामग्रीको उचित व्यवस्थापनका लागि यी सबै कुराहरूको अग्रीम योजना बनाइएको छ। विपदको अवस्थामा आकस्मिक रूपमा आवश्यक पर्ने बन्दोबस्तीका सामग्रीहरूको आकलन तथा आवश्यकताको लेखाजोखा सहित आपूर्तिको व्यवस्थापन पूर्व-तयारी सहित योजनाबद्ध रूपमा अद्यावधिक गरिएको छ। कुनै पनि प्रकोपको कारण हुने विपदजन्य घटनामा यस नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा उद्धारका लागि आवश्यक उद्धार सामग्री, वितरण गरिने राहत सामग्री र तत्काल सेवा पुर्‍याउनका लागि चाहिने सरसामानहरू तलका तालिकाहरूमा उपलब्ध भए बमोजिम समावेश गरिएको छ।

खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र अन्तर्गत रहेका स्रोत, साधनको विवरण;

| क्र. सं. | स्रोत, साधन/ उपकरण | संख्या वा परिमाण | भण्डारण स्थल |
|---|---|---|---|
| १ | ट्रिपर | ३ वटा | पालिका परिसर वा तोकिएको स्थल |
| २ | ट्याक्टर | ४ वटा | पालिका परिसर वा तोकिएको स्थल |
| ३ | दुई चक्के ठेला | १६ वटा | पालिका परिसर वा तोकिएको स्थल |
| ४ | तीन चक्के ठेला | २६ वटा | पालिका परिसर वा तोकिएको स्थल |
| ५ | बेल्चा | ४५ वटा | पालिका स्टोर |
| ६ | सावेल | १२ वटा | पालिका स्टोर |
| ७ | खन्ती | ३ वटा | पालिका स्टोर |
| ८ | गैँची | २ वटा | पालिका स्टोर |
| ९ | पन्जा | ४० वटा | पालिका स्टोर |
| १० | तसला | २४ वटा | पालिका स्टोर |
| ११ | घन | १२ वटा | पालिका स्टोर |
| १२ | हँसिया | १८ वटा | पालिका स्टोर |
| १३ | फोरुवा | ९ वटा | पालिका स्टोर |
| १४ | इन्धनबाट (Fuel) चल्ने आरा ह्याक्श (Hacksaw) | १ वटा | पालिका परिसर वा तोकिएको स्थल |
| १५ | बाँस | २०० वटा | पालिका परिसर वा तोकिएको स्थल |
| १६ | एच डि पि इ खानेपानी पाइप (साइज अनुसारको) | 1000 मि. | पालिका परिसर वा तोकिएको स्थल |
| १७ | फिटिंग्सहरू (साइज अनुसारको) | प्राविधिकको राय अनुसार | पालिका परिसर वा तोकिएको स्थल |
| १८ | ट्वाइलेट सेनेटरी सेट | ५० सेट | पालिका स्टोर |

| | | | |
|---|---|---|---|
| १९ | डोरी, किल्लाकाँटी | प्राविधिकको राय अनुसार | पालिका स्टोर |
| २० | खानेपानी टंकी (१००० लि.) | ५ वटा | पालिका परिसर वा तोकिएको स्थल |
| २१ | सरसफाइका सामानहरू (Hygiene Kit) | ५० सेट | पालिका स्टोर |
| २२ | खानेपानी शुद्धिकरण औषधि (पियूस, आक्वा ट्यबलेट्स आदि) | प्राविधिकको राय अनुसार | पालिका स्टोर |
| २३ | Dignity Kit | ५० सेट | पालिका स्टोर |
| २४ | प्लास्टिक बाल्टिन २० लि. बिर्को सहित | ५० सेट | पालिका स्टोर |
| २५ | जग | ५० वटा | पालिका स्टोर |
| २६ | लुगा धुने साबुन | ५० वटा | पालिका स्टोर |
| २७ | नुहाउने साबुन | ५० वटा | पालिका स्टोर |
| २८ | स्यानिटरी प्याड | २०० प्याकेट | पालिका स्टोर |
| २९ | धाराको टुटी | १० वटा | पालिका स्टोर |
| ३० | प्लास्टिक जर्कीन २० लि. | १० वटा | पालिका स्टोर |
| ३१ | साधारण खाल्टे चर्पी बनाउने सामग्री (वाटरसील प्यान); पछि यो चर्पी पुरिने छ | ५ वटा | पालिका स्टोर |
| ३२ | पी. ए. भाएल | ५० वटा | पालिका स्टोर |
| ३३ | पानी जाँच्ने कीट | ५ वटा | पालिका स्टोर |
| ३४ | ब्लिचिङ पाउडर | प्राविधिकको राय अनुसार | पालिका स्टोर |
| ३५ | रिंग | २५ वटा | सप्लायर्स सम्पर्कमा |
| ३६ | Fisrt Aid kits | ५० वटा | पालिका स्टोर |
| ३७ | टर्च लाइट | ५० वटा | पालिका स्टोर |
| ३८ | बारुण यन्त्र | १ वटा | |

| | | | |
|---|---|---|---|
| ३९ | Fire extinguisher | १० वटा | वडा र नगरपालिका |
| ४० | पानी ट्यांकर | १ वटा | नगरापालिका वा सेवाप्रदायक संग समन्वय |
| ४१ | युरो गार्ड / फिल्टर | ९ | वडा / नगरपालिका |
| ४२ | टुथपेस्ट/ब्रस | ५० | नगरपालिकाको स्टोर |
| ४३ | बोरा (sand bag) | १००० वटा | नगरपालिकाको स्टोर |
| | | | |

## ४.११ विपद् प्रतिकार्यका लागि दक्ष जनशक्ति

यस नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको विपदजन्य परिस्थितिमा खासस्व समितिका सदस्यहरू र पालिका खासस्व शाखाका कर्मचारीहरू लगायत स्थानीय समुदायहरू प्रतिकार्यका लागि तत्काल परिचालित हुनेछन् । यस बाहेक ... जना खोज तथा उद्धार र ... जना सरसफाइ, स्वच्छता र प्राथमिक उपचार सम्बन्धी दक्ष जनशक्ति पनि आ आफ्नो जिम्मेवारीमा तत्काल परिचालित हुनेछन् । खासस्व क्षेत्रमा विपद प्रतिकार्यका लागि थप आवश्यक पर्ने जनशक्तिको आकलन गरी नियमित रूपमा तथ्यांक अद्यावधिक गरिनेछ ।

## ४.१२ अन्य निकायहरूसँगको समन्वय र सहकार्य

विपद्को समयमा यसपालिकाले छिमेकी पालिकाहरू (पुर्वीचौकी गाउपालिका, ) सँग सहयोग आदानप्रदान गर्नेछ । विशेषगरी बाढी र आगलागीको समयमा प्रतिकार्यका लागि दमकल, एम्बुलेन्स तथा अत्यावश्यक मानवीय सहायता आदानप्रदान गर्नुपर्ने हुन्छ । सहयोग आदानप्रदान गर्न आवश्यक लिखित समझदारी या सम्झौता गरिनेछ । प्रदेश तथा जिल्लाका कार्यालयहरूबाट समेत प्रतिकार्यका लागि स्रोत, साधनहरू प्राप्त हुने अपेक्षा राखिएको छ ।

## ४.१३ क्षमता विकास रणनीति र योजना

पालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता विपद पूर्व-तयारी तथा प्रतिकार्यको निम्ति तयार गरिएको भैपरी योजना (WASH Contingency Plan) को प्रभावकारी कार्यान्वयन गर्नका लागि दक्ष व्यक्ति तथा संस्थाहरूको सहयोगमा देहायका **क्षमता विकास** क्रियाकलापहरू गरिनेछ ।

१. विपदपूर्व-तयारी र प्रतिकार्यमा खटिने उद्धारकर्ता तथा स्वयंसेवक, कर्मचारी, समितिका सदस्य आदिलाई खासस्व क्षेत्रसँग सम्बन्धित आवश्यक अभिमुखीकरण तालिम प्रदान गर्ने र बेला बेलामा गरिने ड्रिल अभ्यासमा संलग्न गराउने।

२. वडास्तरका विपद व्वस्थापन समितिलाई खासस्व विपद व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्ने ।

३. नगर विपद व्यवस्थापन कोष वा खासस्व आकस्मिक कोषलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने ।

४. बन्दोबस्तीका सामान, उपकरण तथा औजारहरू व्यवस्थापनकालागि क्षमता विकास तालिमहरू सञ्चालन गर्ने ।

**४.१४ खासस्व सरोकारवाला र विकास साझेदार संघ संस्थाहरूको अभिलेख**

| **संघ संस्था** | **सम्पर्क व्यक्ति, इ-मेल, मोबाइल नं.** | **क्षमता (आकस्मिक अवस्थामा परिचालित हुनसक्ने जनशक्ति, वित्तिय कोष र अन्य स्रोत साधन) र क्रियाकलापहरू** |
|---|---|---|
| CMCC | | माग,परामर्श तथा आवश्यकता अनुसार परिचालन हुन सक्ने |
| MoPID | | |
| MoPID-WSSDOs | | जनशक्ति मात्र परिचालन हुन सक्ने |
| UNICEF | | तालिम लगायत अन्य आवश्यक सहयोग पालिकासँग अल्पकालीन र दिर्घकालीन संझौताको आधारमा प्राप्त हुन सक्ने<br>Amobea ra pani booklet, Nepali<br>Hygiene Kit -Regular with Cellophane Bag<br>Plastic bucket, 20 L<br>PLASTIC BUCKET: 10 LITRE<br>Squatting plate, plastic, w/o pan,120x80cm<br>Toilet, plastic, 110mm<br>WASH in Emergency Flipchart, size A4<br>WATER PURIF (NADCC) 33MG TAB/PAC-50<br>Water tank, collapsible (6000-10000 lltr) |

| | | |
|---|---|---|
| | | Water-cont,LDPE,10l, collapsible ,w/o logo<br>Water-cont,LDPE,10l, collapsible ,w/o logo<br>Waterborne disease prv flex poster,2x3ft |
| Save the Children | | Dignity Kit<br>Sanitary Cloth<br>Hygiene kit<br>Jerry Can<br>Latrine digging kit<br>Ground Bladder Tank<br>Bladder, Trucking Kit 6,000ltr<br>Aquatab 33mg<br>Drinking Water Kit<br>Jug |
| NRCS | | |
| Oxfam | | सचेतीकरण कार्यक्रम, तालिम, स्वच्छता प्रवर्द्धन लगायत ट्युबवेल ह्यान्डपम्प सहयोग प्राप्त हुन सक्ने; आकस्मिक कोषमा सहयोग प्राप्त हुन सक्ने |
| UN Habitat | | |
| Plan Nepal | | |
| USAID | | |
| WaterAid | | |
| World Vision | | |

| | | |
|---|---|---|
| SNV | | |
| WHH | | तालिम, हाइजीन किट्, स्वच्छता प्रवर्द्धन, ट्युबवेल ह्यान्डपम्प, खानेपानी, विपद जोखिम न्यूनीकरण सहयोग लगायत आकस्मिक कोषमा सहयोग प्राप्त हुन सक्ने |
| Practical Action | | |
| NCV | | बाढी प्रकोप मैत्री ट्युबवेल ह्यान्डपम्प, अस्थायी शौचालय, शैचालयलाई चाहिने आवश्यक सामग्री, पानी गुणस्तर परीक्षण, निसंक्रमण उपकरण तथा औषधि, स्वच्छता प्रवर्द्धन लगायत आकस्मिक कोषमा सहयोग प्राप्त हुन सक्ने |
| RVWRMP | | |
| PURNIMA/ DfID | | |
| SWCHHATA/ USAID | | |

## ४.१५ आकस्मिक रूपमा खरिद गर्नुपर्ने अवस्थाका लागि बिक्रेताको सूची

| क्र. सं. | बिक्रेताको नाम | सम्पर्क नं. | स्थान |
|---|---|---|---|
| १ | Badda Suppliers | 094-412214 | Dipayal |
| २ | J.B. Traders | 094-412166 | Dipayal |
| ३ | BS Traders and Suppliers | 094-412214 | Silgadhi |
| ४ | Lav Kush Suppliers | - | Dipayal |

| | | | |
|---|---|---|---|
| ५ | Jeet Construction and Suppliers | 9862479407 | Dipayal |

## ४.१६ खासस्व पालिका स्तरीय आकस्मिक मानवीय सहयोगका मापदण्ड

१. पालिकामा विपदपछिको पहिलो हप्तासम्म पाइपद्वारा अथवा स्थानीय उपभोक्ता समिति वा नियामक निकायसँग सम्बन्ध कायम गरी खानेपानी भण्डारण गरिने ट्याङ्की वा अन्य माध्यमद्वारा प्रभावित क्षेत्रमा प्रतिदिन प्रतिव्यक्ति न्यूनतम ५ लिटर पानी उपलब्ध गराउने र पहिलो हप्ताभित्र प्रतिव्यक्ति प्रतिदिन उपलब्ध गराइने पानीको परिमाणलाई १५ लिटर पुऱ्याउने ।

२. शिविरमा बस्ने बिस्थापित तथा घर र ब्यक्तिगत सम्पति नष्ट भएकाहरूका लागि पानी संकलन गर्ने बाल्टीन र ३० दिनसम्मका निम्ति खानेपानी शुद्ध पार्ने चक्की, पियुष, अक्वा ट्याबलेट्स अथवा वाटर गार्ड (Water Guard) उपलब्ध गराउने ।

३. शिविरमा बसोबास गर्ने विस्थापितका लागि उपयुक्त सरसफाइ एवम् महिलाहरूका लागि नुहाउने सुविधाका निमित्त अस्थायी रूपमा प्रति २० व्यक्तिका लागि एक चर्पी निर्माण गर्ने ।

४. शिविरमा बसोबास गर्ने प्रभावित मानिसहरूलाई स्थानीय स्वयंसेवी संस्था, नेपाल रेडक्रस लगायत अन्य विषयगत शाखा तथा कार्यालयसँगको समन्वय र सहकार्यमा स्वास्थ्य किट वितरण गर्ने र स्वास्थ्य सरसफाइ प्रवर्द्धन सम्बन्धी गतिविधिहरू (पानी शुद्ध पार्ने उचित तरिका र साबुनद्वारा हातधुने) सन्चालन गर्ने ।

५. एकरूपताका लागि पालिका खासस्व आकस्मिक योजना (WASH Contingency Plan) लाई प्रदेश स्तरीय आकस्मिक योजनासँग मिलान हुने गरी तयार गर्ने ।

६. प्रति १० परिवार (विस्थापितहरूको बसोबास अनुसार) लाई एउटा फोहोर फाल्ने भाँडो (एक हजार लिटर) को व्यवस्था गर्ने ।

७. पानी जम्मा गर्न प्रति परिवार १० देखि २० लिटरका दुई वटा भाँडाकुँडा उपलब्ध गराउने ।

८. विस्थापित क्षेत्रमा प्रति २०० परिवारमा एक जना सवयंसेवक परिचालन गर्ने ।

९. विस्थापित मानिसहरू बस्ने शिविरहरूमा सरसफाइ र स्वच्छताका निम्ति चेतनामूलक जानकारी, तालिम र सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन गर्ने ।

**अनुसूची:**

**अनुसूची १: डोटी जिल्लामा रहेका पुर्व सुचना केन्द्रहरु र सम्पर्क नम्बर**

| क्र.स | सुचना केन्द्रको सम्पर्क ब्यक्तीको नाम | सम्पर्क नं | ठेगाना | केन्द्रको प्रकार | नदी तथा बेसिन क्षेत्र | वेबसाइट | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची २ : वडा स्तरीय तथ्यांक प्रमाणीकरण कार्यशालाका झलकहरु













## अनुसूची ३ :वडा स्तरीय तथ्यांक प्रमाणिकरण कार्यशालाका माइन्युट

आज मिति २०८२।३।२२ गतेका दिन खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना (WASGISP) अन्तरगत दिपायल सिलगढी नगरपालिका वडा नं ८ लडागडामा प्रस्तावित खानेपानी योजना सञ्चालन गर्दा यसको वातावरण, सामाजिक, सांस्कृतिक, धार्मिक क्षेत्रमा के कस्तो सकारात्मक अथवा नकारात्मक असर पर्दछ भन्ने स्थानीय समुदाय, सरोकारवाला निकाय संग छलफल गर्ने एवं यस क्षेत्रमा प्राकृतिक प्रकोपका ~~आवश्यक~~ सूचकमा छलफल गरी राय- सुझाव संकलन गरियो:-

मिति - २०८२/३/२२

उपस्थिति

श्री दशरथ बलायर - वडा अध्यक्ष
श्री नवराज पाठक - सेमरी टोल
श्री खडक सिंह सावद - सेमरी टोल
श्री विष्णा देवी साउद - वडा सदस्य (म.द.)
श्री भागा लुहार - वडा सदस्य
श्री तिरमल कुल्जोडा - " "
श्री निर्मल तण्डुकार - टोली प्रमुख MST
श्री निलकण्ठ आचार्य - सुशासन तथा व्यवस्थापन विज्ञ
श्री अशोक प्रसाद पाण्डेय - सामाजिक विकास विज्ञ
श्री सञ्जय खत्री - तथ्याङ्क व्यवस्थापक MST
श्री जगदिश महरा - MST

निर्णय

निर्णय नं. १ - खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना अन्तरगत यस वडा नं ८ मा सञ्चालन हुने खानेपानी टंकी निर्माण, पानी प्रशोधन टंकी र पाइपलाइन विस्तार बाट यस क्षेत्रको वातावरण, सांस्कृतिक, धार्मिक, सामाजिक आदि क्षेत्रमा कुनै किसिमको नकारात्मक असर नपर्ने र कार्यक्रमलाई सहयोग गर्न वडावासी तयार रहेको निर्णय गरियो।

निर्णय नं. २

खानेपानी आयोजनाको सञ्चालन गर्नपूर्व प्राकृतिक प्रकोपको बारेमा छलफल गरियो र महत्वपूर्ण सुझावहरु संकलन गरियो।

आज मिति २०७२/३/२३ गतेका दिन खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना द्वारा दिपायल सिलगढी नगर पालिका वडा नं. ७ मा सञ्चालन गरिने खानेपानी आयोजनाको लागि सरोकार वाला संग प्राकृतिक प्रकोपका सूचक हरु बारे छलफल गरि राय-सुझाव एवं जानकारी संकलन गरियो ।

उपस्थिती

- श्री कर्ण बहादुर बिष्ट – वडा अध्यक्ष
- श्री शिव बहादुर बिष्ट – समाज सेवी
- श्री ओसिमा बिष्ट – " "
- श्री डम्बरी बिष्ट – वडा सदस्य
- श्री कृष्ण ब. कुन्जेडा " "
- श्री चने पार्की – समाज सेवी
- श्री कुरि कोली " "
- श्री प्रोजवल बिष्ट " "
- श्री चन्द्रबहादुर कुन्जेडा " "
- श्री सिद्धराज जोशी – वार्ड नं. सदस्य
- श्री मान बहादुर बिष्ट
- श्री कैलाश आउजी
- श्री सत बहादुर बिष्ट –
- श्री निलकण्ठ आचार्य
- श्री अशोक प्र. पाण्डेय

निर्णय

आज भएको प्राकृतिक प्रकोपका सूचकको छलफल पछि विभिन्न जानकारीको साथै राय-सुझाव संकलन गरियो ।

आज मिति २०७२/३/२४ गतेका दिन खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना द्वारा दिपायल सिलगढी नगर पालिका वडा नं. ६ सिलगढीमा सञ्चालन हुने खाने पानी पाइपलाइन विस्तार तथा स्तरोन्नती योजनाको दिगो रुपमा सञ्चालन गर्न प्राकृतिक प्रकोपहरुका सूचक हरुको बारेमा सरोकारवाला निकायहरु संग छलफल गरी राय-सुझाव संकलन गरियो । जसमा उपस्थिति तपसिल बमोजिम छ:–

उपस्थिती

1. श्री नरेश मलासी – वडा अध्यक्ष
2. श्री प्रपञ्च प्रसाद जोशी वडा सदस्य
3. श्री किसन साउद " सदस्य
4. श्री दीपा श्रेष्ठ "
5. श्री चन्द्रा नेपाली "
6. श्री राघवेन्द्र जोशी
7. श्री खुशी जोशी
8. श्री गंगा के.सी.
9. श्री प्रेम शंकर जोशी
10. श्री अशोक प्र. पाण्डेय – MSI
11. श्री हरि सुन्दर श्रेष्ठ - वडा सचिव
12. गोविन्द प्रसाद भट्ट अध्यक्ष
13. [illegible] जोखानादि
14. निलकण्ठ आचार्य – MSI
15. दिपेन्द्र धामी – MSI
16. प्रतिभा खत्री – MSI
17. 

निर्णय:

आजको बैठकमा प्राकृतिक प्रकोपका सूचकहरुको बारेमा राय सुझाव संकलन गरियो ।

आज मिति २०७२।३।२६ गतेका दिन खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना द्वारा दिपायल सिलगढी नगर पालिका वडा नं. ५ सिलगढीमा सञ्चालन हुने खानेपानी पाइप लाइन विस्तार तथा स्तरोन्नती योजनाको दिगो रुपमा सञ्चालन गर्न प्राकृतिक प्रकोप का सर्व सूचकहरु मा सरोकारवाला निकाय संग छलफल गरी राय-सुझाव संकलन गरियो । जस्मा तपसिल बमोजिम उपस्थिती रहेको छ ।-

उपस्थिती

1. श्री महेन्द्र बहादुर के. सी. - का.वा. वडाध्यक्ष
2. श्री कृष्ण बहादुर के.सी. - समाज सेवी
3. श्री [illegible] प्रसाद जोशी समाज सेवी
4. श्री [illegible] " "
5. श्री जुवराज के.सी. "
6. श्री पम बहादुर मिजार "
7. श्री [illegible] "
8. श्री पूर्णमाया बोहरा मलासी वडा सदस्य
9. श्री महेश्वरी [illegible] - वडा सदस्य
10. श्री निलकण्ठ आचार्य - MST
11. श्री अशोक प्रसाद पाण्डेय - MST
12. श्री सज्जन खत्री - MST
13. श्री दिपेन्द्र धामी - MST
14. श्री मनिषा खत्री - MST
15. श्री तुलसी बिष्ट - MUNSH
16. श्री जगदिश महरा

निर्णय

आजका बैठकमा खानेपानी परियोजनाको बारेमा जानकारी गराउन को साथै प्राकृतिक प्रकोप का सर्व सूचकहरुमा छलफल गरी राय-सुझाव संकलन गरियो।

आज मिति २०७२।३।२५ गतेका दिन खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना द्वारा दिपायल सिलगढी नगर पालिका वडा नं. ९ [illegible] सञ्चालन हुने खानेपानी योजनाको दीगो रुपमा सञ्चालन गर्न को लागि प्राकृतिक प्रकोपका सर्व सूचकहरुमा सरोकारवाला संग छलफल गरी राय-सुझाव संकलन गरियो । जस्मा तपसिल बमोजिम उपस्थिती रहेको छ।

उपस्थिती

1. श्री [illegible] बहादुर खड्का - वडा-अध्यक्ष
2. श्री टिका कामि - स्थानीय समाज सेवी
3. श्री [illegible] कामि - " " "
4. श्री [illegible] नेपाली - " " "
5. श्री [illegible] नेपाली - " " "
6. श्री रम्भा वि.क - " " "
7. श्री विरबहादुर [illegible] - " " "
8. श्री [illegible] बहादुर [illegible] वडा सचिव
9. श्री [illegible]
10. श्री निलकण्ठ आचार्य - MST
11. श्री अशोक प्रसाद पाण्डेय - MST
12. श्री सज्जन खत्री - MST
13. श्री दिपेन्द्र धामी - MST
14. श्री मनिषा खत्री - MST
15. श्री जगदिश महरा - "

निर्णय:

आजका बैठकमा सरोकारवालाहरुलाई परियोजनाको बारेमा जानकारी गराई प्राकृतिक प्रकोपका सर्व सूचकहरु मा छलफल गरी राय-सुझाव संकलन गरियो।

आज मिती २०८२।३।२६ गतेका दिन खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना द्वारा सिलगढी, दिपायल क्षेत्रमा सञ्चालन हुने खानेपानी योजना लाई दीगो रुपमा सञ्चालन गर्नको लागि प्राकृतिक प्रकोप हरुको बारेमा छलफल गरी जानकारी संकलन गर्न तपसिल बमोजिमको उपस्थितीमा बैठक बस्यो ।:-

उपस्थिती

१- श्री नुरामण सिंह सउद - वडा अध्यक्ष
२- श्री गोरख ब. साउद - समाज सेवी
३- श्री भागरथी कठायत = का.स. ''
नारायण ४- श्री नारायण साउद ''
नारायण ५- श्री नारायण खड्का ''
६- श्री खड्क बहादुर खड्का वडा सचिव
७- श्री नरेन्द्र ब. अधिकारी सब-इन्जिनियर
८- श्री भीम सेन नाथ दि.न.पा. ३
९- श्री ... सिंह साउद वडा ... ...
१०- श्री ... पुष्कर खि.क - समाज सेवी
११- श्री चन्द्र ब. साउद '' ''
१२- श्री चक्रबहादुर ... वडा सदस्य
१३- श्री काली देवि लुहार '' ''
राधा १४- श्री राधा ... वडा नं. ३ सदस्य
१५- श्री निलकण्ठ आचार्य - Governance Sp.
१६- श्री अशोक प्रसाद पाण्डेय - SDS
१७- श्री मनिषा खत्री - SM
१८- श्री देव ब. खड्का

निर्णय

दिपायल सिलगढी नगरपालिका वडा नं. ३, दिपायलमा आज बसेको सरोकारवाला संगको बैठकमा प्राकृतिक प्रकोपको बारेमा छलफल गरी जानकारी संकलन गरियो ।

आज मिती २०८२।३।२६ गतेका दिन खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग कार्यक्रम अन्तर्गत दिपायल सिलगढी न.पा. वडा नं. ४ राजपुरमा विभिन्न सरोकारवालाहरु संग प्राकृतिक प्रकोपको बारेमा छलफल गरी राय-सुझाव संकलन गरियो । जसमा तपसिल बमोजिम उपस्थित रहेको छ :-

उपस्थिती

१- श्री पवित्रा कुमारी लुहार वडा सदस्य
२- श्री मिना देवी कठायत कार्य.पा.सदस्य
३- श्री ... कठायत
४- श्री प्रेमकुमार शाह पूर्व न.प. उपप्रमुख
५- श्री दुर्गा दत्त ...
६- श्री ... सेटी
७- श्री कुमारी ओड
८- श्री निलकण्ठ आचार्य
९- श्री अशोकप्रसाद पाण्डेय
१०- श्री लोकेन्द्र राज जोशी - वडा सचिव-४
११- श्री
१२- श्री

निर्णय

दिपायल सिलगढी न.पा. वडा नं. ४ राजपुरमा बसेको सरोकारवाला (जनप्रतिनिधि) संग प्राकृतिक प्रकोपको बारेमा छलफल गरी राय-सुझाव संकलन गरियो ।

कुमारी ओड